# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १४० | काठमाडौं | आइतबार, २६ भदौ २०७९ | Prabhab National Daily, | Sunday, September 11, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**जिब्रो छेडेर थिमि परिक्रमा**

यन्याः पुन्ही (इन्द्रजात्रा)का अवसरमा शनिबार राति मध्यपुर थिमि दिगु भैरव मन्दिर अगाडिको डबलीमा जिब्रो छेडेर १७ वटा दीपसहितको अर्धचन्द्राकार भ्ये बोकी थिमि परिक्रमा गर्दै वीरेन्द्रभक्त गजु श्रेष्ठ। यसअघि २०७४ मा पनि उनले नै जिब्रो छेडेका थिए। *तस्बिरः रत्न श्रेष्ठ/रासस*

### दाहाललाई ओलीको काउन्टर

# राष्ट्रपतिले राजीनामा किन दिने ?

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले 'नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्न बनेको विधेयक' प्रमाणीकरणका लागि दोस्रोपटक राष्ट्रपति कार्यालय पठाएको एक हप्ता भयो। राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरी फिर्ता पठाएको नागरिकता विधेयक पुनः दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालय पुगेको हो। तर, पुनः पारित विधेयकमा राष्ट्रपतिको चासो सम्बोधन भएको छैन। जसका कारण उनले विधेयकलाई सहजै पारित गर्लिन् वा अरू केही 'विकल्प'को खोजी गर्लिन् भन्ने चासो बढेको छ।

सरकारले दुवै सदनबाट दोस्रोपटक पारित गर्दै नागरिकता विधेयक भदौ २० गते प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाएको थियो। पहिलोपटक राष्ट्रपति भण्डारीले सुझावसहित विधेयकलाई संसद्मै फिर्ता पठाएकी थिइन्। सरकारले पुनः जस्ताको त्यस्तै विधेयक पठाएपछि सार्वभौम संसद्बाट पारित भएको विधेयकमा प्रमाणीकरण गर्नुअघि राष्ट्रपतिले विभिन्न व्यक्ति तथा संस्थासँग सल्लाह र परामर्श गरिरहेकी छन्।

पहिलोपटक राष्ट्रपति भण्डारीले १५ बुँदे सन्देशसहित विधेयक संसद्समक्ष फर्काएकी थिइन्। अब संविधानले उक्त विकल्प पनि दिएको छैन। तर, राष्ट्रपति भण्डारी गहन परामर्शमा छिन्। संवैधानिक सीमाअनुसार उनले असोज ४ गतेसम्म विधेयक प्रमाणीकरणबारे निर्णय गरिसक्नुपर्छ। त्यसकारण पनि सबैको नजर राष्ट्रपतिको कदमतिर छ।





संवैधानिक सीमाअनुसार राष्ट्रपतिले असोज ४ गतेसम्म विधेयक प्रमाणीकरणबारे निर्णय गरिसक्नुपर्छ। त्यसकारण पनि सबैको नजर राष्ट्रपतिको कदमतिर छ।

तर, यहीबेला नागरिकता विधेयक र राष्ट्रपतिको विषयलाई लिएर सत्तारूढ नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच जुहारी चलेको छ। दाहाललाई ओलीले काउन्टर दिएका छन्।

शुक्रबार पोखरा पुगेका दाहालले नागरिकता विधेयक दोस्रोपटक प्रमाणीकरण नगरे राष्ट्रपति भण्डारीले राजीनामा दिनुपर्ने टिप्पणी गरेका थिए। उनले नागरिकता विधेयकलाई लिएर राष्ट्रपति भण्डारीले राजनीतिक एजेण्डा बनाउन खोजेको पनि आरोप पनि लगाएका थिए। 'राष्ट्रपतिज्यूलाई दोस्रोपटक संविधानले कुनै ठाउँ नै दिएको छैन। त्यसकारण उहाँले प्रमाणीकरण गर्नुहुन्छ,' दाहालले भनेका थिए, 'मैले केही दिनअघि राष्ट्रपतिजीसँग भेटेर कुरा गर्दा उहाँ यो (**बाँकी पृष्ठ ३ मा**)

# महानगरको अभियानमा नागरिकको साथ

■ **शर्मिला पाठक**

**काठमाडौं–** काठमाडौं महानगरपालिका-१८ का मञ्जली शाक्यलाई कामपाका प्रमुख बालेन्द्र शाहको निर्देशनमा सुरु भएको अनधिकृत संरचना भत्काउने काम सकारात्मक लागेको छ। शाक्य भन्छिन्, 'यसलाई निरन्तरता दिनुपर्छ, सोहीअनुसारको संरचना कसैको भत्काउने कसैको नभत्काउने गरियो भने यसमा विमति जनाइन्छ अन्यथा सकारात्मक कार्यको थालनीमा सहयोग रहन्छ,' उनले भनिन्।

'नगरप्रमुख शाहले अनधिकृत संरचना भत्काउने सम्बन्धमा अहिलेसम्म गरेको अध्यास ठीक छ। कानुनविपरीतका संरचना भत्काउँदा व्यक्तिगतरूपमा व्यक्तिलाई घाटा वा नाफाभन्दा पनि सामूहिकरूपमा यसको प्रभाव के हो भन्ने विषय प्रमुख हो,' शाक्यले भनिन्।

दश वर्षदेखि काठमाडौं बस्दै आएकी धादिङकी फूलमाया तामाङ पनि कामपाले सुरु गरेको अनधिकृत संरचना भत्काउने र फुटपाथमा सञ्चालन हुँदै आएको पसल हटाउने कार्यलाई राम्रो भन्छिन्। 'यसरी संरचना भत्काइरहँदा नगरप्रमुखको नजर गरिखाने वर्गमा मात्रै नपरोस्, कानुन सबैमा बराबर लागू होस्, हुनेखानी र पहुँचवालालाई पनि यसले आभाष दिलाओस् यसमा हाम्रो (**बाँकी पृष्ठ ३ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# सुरक्षित वैदेशिक रोजगारका लागि भिजिट भिसामा कडाइ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पछिल्लो समय भिजिट भिसामार्फत वैदेशिक रोजगारीमा गएर अलपत्र पर्ने क्रम बढेको भन्दै सरकारले कडाइ गरेको छ। यसका लागि गृह मन्त्रालयले साउन ३० गते कार्यविधि जारी गरिसकेको छ। मन्त्रीस्तरीय निर्णयबाट जारी 'पर्यटक भिसामा विदेश प्रस्थान अनुमति व्यवस्थापनसम्बन्धी कार्यविधि २०७९' मा कडा प्रावधानहरु राखिएको छ।

कार्यविधिमा नेपालबाट विदेश घुम्न जाने पर्यटकका लागि वार्षिक करयोग्य आम्दानी चार लाख रुपैयाँ हुनुपर्ने, बैंकमा दुई लाख रुपैयाँ नगद मौज्दात हुनुपर्ने प्रावधान राखिएको छ। साथै, टिकट काट्नुअघि अध्यागमन विभागबाट पूर्वस्वीकृति लिनुपर्ने व्यवस्थासमेत कार्यविधिमा राखिएको छ। उक्त कार्यविधि आगामी कात्तिक महिनाबाट लागू हुनेछ।

मन्त्रालयका अधिकारीहरु भिजिट भिसामा गएर गन्तव्य मुलुकमा अलपत्र पर्ने क्रम बढेकाले त्यसलाई रोक्न कार्यविधिमा कडाइ गरिएको बताउँछन्। वैधानिकमार्गबाट वैदेशिक रोजगारीमा जान र पठाउन यसले सहयोग पुग्ने मन्त्रालयको विश्वास छ। वैधानिक मार्गबाट वैदेशिक रोजगारीमा गएकाहरु समस्यामा पर्ने सम्भावना न्यून हुन्छ। उनीहरु समस्यामा परे वा केही परेमा क्षतिपूर्ति दिलाउनसमेत सहज हुने गर्दछ। त्यसैले श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान सरकारले प्रेरित गर्दै आएको छ। यसले स्वयं श्रमिकलाई फाइदा हुने मन्त्रालयका अधिकारीहरु बताउँछन्। वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन यो कार्यविधिले सहयोग गर्ने मन्त्रालयको विश्वास छ।

गृह मन्त्रालयबाट जारी भएको यो कार्यविधि पहिलो चरणमा खाडीका देशहरू, मलेसिया, अफ्रिकी देशहरू तथा दक्षिण अमेरिकी देशमा पर्यटक भिसामा जाने नेपालीका लागि लागू हुनेछ। कार्यविधिले सरकारी कर्मचारी, जनप्रतिनिधिदेखि विभिन्न क्षेत्र तथा पेसा व्यवसायमा आबद्धहरू र अन्य व्यक्तिहरूका लागि विभिन्न व्यवस्था गरेको छ। कार्यविधिअनुसार भिजिट भिसामा विदेश घुम्न जान चाहने नेपाली नागरिकले त्यसको स्वीकृतिका लागि विभागको अनलाइन प्रणालीमार्फत कम्तीमा सात दिनअघि नै निवेदन दिनुपर्छ। अनलाइन प्रणाली भने तयारीको चरणमा रहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अधिकारीहरू भिजिट भिसामा गएर गन्तव्य मुलुकमा अलपत्र पर्ने क्रम बढेकाले त्यसलाई रोक्न कार्यविधिमा कडाइ गरिएको बताउँछन्। वैधानिकमार्गबाट वैदेशिक रोजगारीमा जान र पठाउन यसले सहयोग पुग्ने मन्त्रालयको विश्वास छ।

भिसिट भिसामा गएर अलपत्र परेका घटनाहरु सञ्चारमाध्यममा आइरहेका छन्। तर, यो क्रम रोकिएको छैन। कतिपय म्यानपावर कम्पनीहरुले नै मोटो रकम लिएर भिजिट भिसामा पठाउने गरेको आरोप छ। तर, म्यानपावर व्यवसायीहरु यो आरोप स्वीकार्दैनन्। यसलाई रोक्न सरकारले ल्याएको कार्यविधि सकारात्मक रहेको भए पनि विरोधका आवाजहरु आइरहेका छन्। विशेषगरी पर्यटन व्यवसायीहरूले कार्यविधिमा राखिएका प्रावधानमाथि आपत्ति जनाएका छन्। उनीहरुले विदेश भ्रमण जान चाहनेहरुलाई हतोत्साही बनाउन खोजेको आरोप लगाउँदै कडाइ गरिएका प्रावधान हटाउनुपर्ने माग गरेका छन्।

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट (नाट्टा)ले गत आइतबार विज्ञप्ति नै जारी गरेर सरकारको कदमप्रति आपत्ति जनाएको थियो। 'भ्रमणमा जान चाहने पर्यटक र भ्रमण व्यवस्थापन गर्ने पर्यटन व्यवसायीहरूलाई निषेध र हतोत्साहित गर्ने नियतका साथ ल्याइएको कार्यविधिले नेपाली पर्यटक गन्तव्य देश जानुअघि कम्तीमा दुई वटा देश घुमेको हुनुपर्ने, गन्तव्य मुलुकको होटलको वेभसाइटमा खुल्नेगरी होटल बुकिङको प्रमाण पेस गर्नुपर्ने, ट्राभल एजेन्सीले तोकिएको देशमा पर्यटक भिसामा तोकिएको मुलुकमा भ्रमणका लागि जाने नेपाली पर्यटकको टिकट व्यवस्थापनपूर्व अध्यागमन विभागबाट स्वीकृति लिनुपर्ने, आफ्नो एजेन्सीमार्फत पर्यटन भिसामा गएका नेपाली पर्यटकलाई तोकिएको मितिमा नेपाल फर्काउने र त्यसको प्रतिवेदन अध्यागमन विभागमा पेस गर्नुपर्ने बाध्यकारी व्यवस्था पूर्णतः पर्यटन व्यवसाय विरोधी प्रावधानहरू भएको हाम्रो निष्कर्ष रहेको छ,' नाट्टा अध्यक्ष रमेश थापाले आइतबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

कार्यविधिअनुसार पर्यटकको रूपमा घुम्न जाने व्यक्ति र उनीहरूको परिवार, विदेशमा रहेका आफन्त भेट्न जाने आफन्तका परिवारका सदस्य, नेपालमा आयात निर्यात गर्ने व्यावसायिक संस्थाका सञ्चालक र नेपालको कानुनअनुसार स्थापित संघसंस्थाका सञ्चालकले टिकट काट्नुअघि अध्यागमन विभागबाट स्वीकृति लिनुपर्नेछ। यस्तै, प्राज्ञिक शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थी, शिक्षक र व्यवस्थापक, दक्ष रोजगार मूलक अन्तर्वार्ता, व्यावसायिक तालिम तथा अध्ययन भ्रमण, व्यावसायिक प्रदर्शनी, खेलकुद, फिल्म तथा गीत सुटिङ तथा कला, साँस्कृतिक कार्यक्रममा जाने व्यक्तिहरूले पनि टिकट काट्नुअघि नै विदेश भ्रमणका लागि तोकिएको कागजातसहित पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था कार्यविधिमा गरिएको छ।

सरकारी कामको सिलसिलामा जाने नेपाल सरकारका पूर्ण वा आंशिक स्वामित्वमा रहेका अर्धसरकारी निकायका प्रतिनिधि, जनप्रतिनिधि, राजनीतिक दलका केन्द्रीय पदाधिकारी, सरकारी कर्मचारी र तिनका परिवारका सदस्य, सूचना संकलन तथा व्यवसाय प्रवर्द्धनका लागि जाने पत्रकार तथा सञ्चार गृहका सञ्चालक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा ख्याति कमाएका व्यक्ति, ज्येष्ठ नागरिकले भने विदेश भ्रमणमा जान टिकट काट्नुपूर्व स्वीकृति लिनुपर्दैन।


यस्तै उच्च शिक्षा हासिल गरेका र विगतमा विदेश बसेका व्यक्ति र तिनका परिवार, विभिन्न पेसागत संघ तथा महासंघ प्रतिनिधि, म्यानपावर व्यवसायी, विदेशमा रहेका आफन्त बिरामी परेर कुरुवा जानेहरू र आफन्तको मृत्यु भएमा भने उसका आफन्तहरूले भने पूर्वस्वीकृति लिनुपर्ने छैन।




आत्महत्या रोकथाम दिवस

# प्रभावितले दिएका पूर्वसंकेतको ख्याल नगरे क्षति

■ नारायण ढुंगाना



**काठमाडौं–** मानसिक समस्या एक प्रकारको गम्भीर प्रकृतिको सामाजिक समस्या हो भनेर स्वीकार नगरिँदा त्यसले आत्महत्यासम्मको जोखिम बढाइरहेको छ । विज्ञका अनुसार मानसिक समस्या बढ्नुमा प्रथमतः घर, परिवार तथा समाज नै कारक बनेको हुन्छ । तर, यसबारे धेरैले बुझ्केका हुँदैनन् ।

मनोविद्हरू त्यही मनोसामाजिक समस्या बढ्दै गएर मानिस पछि आत्महत्यासम्म पुग्ने बताउँछन् । प्रभावित व्यक्तिले दिने गरेका संकेतलाई उनका परिवार, समाज तथा साथीभाइले बेलैमा ध्यान दिनसके धेरै घटना रोक्न सकिने उनीहरूको भनाइ छ । आत्महत्या रोकथामका सन्दर्भमा गरेको अध्ययनले त्यस्ता व्यक्तिले कोही न कोहीलाई संकेत छाडेको हुन्छ । त्यसतर्फ ध्यान पुग्यो भने रोक्न सकिन्छ । तर, हाम्रो समाजमा उसले त्यसै भनेको होला, जिस्क्याएको होला भनेर उसका कुरामा ख्याल नगर्ने अवस्था कायमै छ । 'मानसिक समस्या भएका मान्छेले कोही न कोहीलाई पूर्वसंकेत दिएको हुन्छ, तर त्यसरी समस्यामा परेका मान्छेको भनाइलाई ख्याल गरिँदैन, अनि गम्भीर दुर्घटना हुनपुग्छ, त्यसतर्फ चेतना जगाउनु जरुरी छ,' मनोविमर्शकर्ता सोनु शर्मा भन्छिन् ।

विश्वमाझैं नेपालमा पनि बर्सेनि आत्महत्याका घटना बढ्दै गएका छन् । आत्महत्या रोकथामका लागि विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)सँगको सहकार्यमा हरेक वर्ष सेप्टेम्बर १० का दिन (आज) विश्व आत्महत्या रोकथाम दिवस मनाइने गरिएको छ । सन् २००३ देखि यो दिवस मनाउन थालिएको हो ।

दिवसका सन्दर्भमा 'द स्कुल अफ साइकोलोजी नेपाल'का अध्यक्ष तथा मनोविद् डा.नरेन्द्रसिंह ठगुन्ना मानसिक समस्यामा परेका व्यक्तिको विषयमा गम्भीरता देखाउन जरुरी छ भन्छन् । उनी पछिल्लो समयमा आत्महत्या रोकथाममा बहस सुरु हुनुलाई सकारात्मकरूपमा लिन्छन् । 'विगतमा यसबारे चर्चा नै हुँदैनथ्यो, जति चर्चा बढी हुन्छ, विषय उठ्दै जान्छ र रोकथाममा सहयोग पुग्छ, अहिले त्यस्तै बहसको शृंखला बढेको छ, आशा गरौं आगामी दिनमा आत्महत्याका घटना न्यूनीकरण हुँदै जाने छन्,' डा. ठगुन्नाले भने ।

कानुनमासमेत केही सुधार गर्न जरुरी रहेको उनको भनाइ छ । नेपालको कानुनमा मानसिक समस्या भएकालाई कुनै पनि सरकारी पदमा योग्य नहुने भनेर उल्लेख छ । मानसिक समस्या भएका व्यक्ति परीक्षामा सहभागी हुनै नसक्ने तथ्य हुँदाहुँदै त्यो कुरा कानुनमा लेख्न आवश्यक नरहेको उनको तर्क छ ।

'त्यसरी कानुनमा नै उल्लेख गर्दा मानसिक रोग गम्भीर अपराध पो रहेछ भन्ने मानिसमा भ्रम सिर्जना हुनसक्ने र पछि त्यही कुराले आत्महत्या दुरुत्साहन गर्नसक्ने हुन्छ,' उनले भने । उनले यसको रोकथामको महत्त्वपूर्ण माध्यम (थ्रिसी) कनेक्ट, कम्युनिकेसन र केयर नै हो भने ।

भक्तपुर बहुमुखी क्याम्पसका उपप्राध्यापक तुलसीराम घेमोसुले आफैंले थाहा पाएका केही घटनाबारे सुनाए । उनका अनुसार बुवाआमा गुमाएका एक व्यक्ति दाजुभाउजुसँग बस्ने गरेका थिए । झण्डै ३०-४० वर्षका उनको बिहे भएको थिएन । विस्तारै डिप्रेसनमा गए । बिहे नभएकै कारण उनले गम्भीर निर्णय गर्न पुगे ।

चिकित्सा शिक्षा (एमबिबिएस) गर्न नसक्दा, विवाह गरेका केटाकेटीको आर्थिक अवस्था नमिल्दा पनि घटना घटेको सुनाउँदै उनले एकपटक असफल हुँदैमा केही हुन्न विकल्प धेरै छन् भनेर सम्झाउन सक्ने परिवार र समाजको खाँचो रहेको औंल्याउँछन् । हरेक व्यक्तिले आ-आफ्नो तहबाट आत्महत्या रोकथाममा भूमिका खेल्नसके पनि न्यूनीकरणमा सहयोग पुग्ने उनी बताउँछन् ।

मनोविमर्शकर्ताको प्रशिक्षण लिएकी जानकी गिरी प्रेममा धोका खाएर वा गरिबीमात्रै आत्महत्याको कारण नभएको बताउँछिन् । स्टाफ नर्स गंगा केसी पूर्वजानकारी पाउँदापाउँदै पनि परिवारको उदासीनताले घटना घट्ने गरेको बताउँछिन् । उनले भने, 'त्यो मान्छेले संकेत दिएको हुन्छ, तर उक्त सूचनाको ख्याल नगरिँदै आत्महत्याका घटना घटिरहेका हुन्छन् ।'

विश्वमा वार्षिक सात लाख बढीले आत्महत्या गर्ने गरेको तथ्यांक छ । मृत्यु भएकामध्ये ५० वर्षभन्दा मुनिका मानिस ५८ प्रतिशत छन् । गृह मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/७९ मा छ हजार ७९२ जनाले आत्महत्या गरेका छन् । आव २०७७/७८ मा सात हजार १४२ जनाले आत्महत्या गरेको तथ्यांक छ । वि.सं. २०७२ देखि क्रमशः झण्डै ५०० को हाराहारीमा बढिरहेको आत्महत्याको तथ्यांक २०७८ मा आइपुग्दा केही कम देखिएको छ । कोभिड-१९ महामारीलगायतका कारणले उक्त वर्ष सो संख्या घटेको हुनसक्ने अनुमान गरिएको छ ।

**मानसिक स्वास्थ्य समस्या बढाउने कारण**

मनोविद्का अनुसार उदासीनता, रक्सी र अन्य लागुऔषधको दुरुपयोग, दीर्घरोग, मानसिक समस्या, समाजिक र व्यक्तिगत वा मनोसामाजिक समस्या (वैवाहिक जीवन आनन्दमय नहुनु, कसैसँग पनि राम्रो सम्बन्ध विकास नहुनु)लगायत कारणले मानिसमा मानसिक समस्या बढ्न सक्छ । यस्तै अचानक जागिर जानु, भावना पोख्ने ठाउँ वा व्यक्ति नहुनु, किशोर-किशोरी स्कुलमा फेल हुँदा, प्रेमीप्रेमिका बीचको बिछोड, आमा-बाबुबीचको सम्बन्ध राम्रो नभएको अवस्थामा हुने तनाव, निराशापन, असफलता, उत्सुकता, कतिपय व्यक्ति रिसको आवेगमा पनि मानसिक समस्यामा बढ्ने र त्यसले आत्महत्यासम्म पुऱ्याउन सक्ने अध्ययनले देखाएको छ ।

**मनोसामजिक समस्या देखिएमा के गर्ने**

कुनै पनि व्यक्तिमा मनोसामाजिक समस्या देखिएमा उनीहरूको कुरा ध्यान दिएर सुन्ने, उनीहरूले भनेका कुरालाई हैन होला भनेर अस्वीकार नगर्ने, तिमीलाई कसैले सुनेन भने तिम्रो कुरा सुन्न म तयार छु भनेर विश्वास दिलाउने गर्दा पनि समस्या घटाउन सकिने मनोविद्को भनाइ छ । यस्तै मानसिक स्वास्थ्य सचेतना बढाउने, लान्छना र विभेदका कारण मानिस खुलेर बोल्दैनन्, त्यसले समस्या नित्याउनसक्ने हुँदा सचेत गर्नुपर्छ ।

स्व-हेरचाहको विधि सिकाउने, दैनिकी व्यवस्थित गर्न लगाउने वा गर्ने, पर्याप्त सुत्ने र हाँस्ने, भित्रका कुरा अभिव्यक्त गर्न लगाउने, समाज, परिवार र साथीभाइबाट लान्छना लाग्ने गतिविधि गर्नुहुन्न, उनीहरूको कुरा सुन्न तयार हुनुपर्छ । तब उनीहरूमा मानसिक तनाव घट्छ । *रासस*

# भक्तपुरको ऐतिहासिक सम्पदा अवलोकन



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकालगायत देशका विभिन्न नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत र विदेशी पाहुनासहित ७५ जनाको टोलीले शनिबार भक्तपुर नगरपालिकाको ऐतिहासिक सम्पदाको अवलोकन गरेका छन् ।

काठमाडौंका नगरप्रमुख बालेन्द्र (बालेन) शाह, उपप्रमुख सुनिता डंगोल, जुम्लाको चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायत, उपप्रमुख रामदेवी खड्का, नवलपरासीको रामग्राम नगरपालिकाका प्रमुख धनपत यादव र उपप्रमुख सम्झना चौधरी, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङ र उपप्रमुख उमा प्रधान, धनकुटाको पाखीबास नपाका प्रमुख ज्ञानबहादुर गुरुङ र उपप्रमुख नम्रता गौतम, डडेलधुराको अमरगढी नपाका प्रमुख डिल्लीराज जोशी र उपप्रमुख पार्वती झकाल तथा नेपालका लागि अमेरिकाका पूर्वराजदूत स्कट हेनरी डेल्सी र नगर पार्सद सदस्य मोहम्मद हुसेन सरिफ एवं प्रशासकीय अधिकृतसहितको टोलीले भक्तपुरको दरबार स्क्वायर क्षेत्र, पाँचतले मन्दिर हुँदै पैदलयात्रा गर्दै दत्तात्रय मन्दिर क्षेत्रका सम्पदाको स्थलगत अवलोकन भ्रमण गरेको छ ।

इन्द्रजात्रा अवलोकन गर्न काठमाडौं आएका भ्रमण टोलीलाई भक्तपुर नगरपालिकाले आफ्नै नगरपालिका कार्यालयको सभाकक्षमा नगरप्रमुख सुनिल प्रजापतिले भादगाउँले टोपी र उपप्रमुख रजनी जोशीले नगरपालिकाको लोगो अंकित परम्परागत खादा तथा महिला अतिथिलाई सुर्केथैली उपहारसहित स्वागत गरेका थिए ।


नेपाल सरकार

**उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय**

**भूमिगत जलश्रोत विकास समिति**

शाखा कार्यालय, विराटनगर

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०७९/०५/२६**

**बोलपत्र सूचना नं. ०१/०७९/०८०**

यस कार्यालयले बोलपत्रको माध्यामबाट निम्नअनुसारका कार्यहरु गराउनुपर्ने भएकाले इच्छुक विद्युतीय वाटर पम्प सप्लाय कार्य संग सम्बन्धित् फर्म, कम्पनी तथा व्यवसायीहरुबाट सूचना प्रकाशित मितिले ३१ (एकतीस) औं दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको eGP Portal मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धि विस्तृत जानकारीको लागि **www.bolpatra.gov.np/egp** मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

| सि.नं. | बोलपत्र नम्बर | कामको विवरण | धरौटी रकम रु. | बोलपत्र खरिद रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | GWRDBB/ NCB/01/079-80 | Supply and Delivery of 2 Hp Electric Centrifugal Water Pumps for Jhapa District. | 1,50,000/- | 3,000/- | |
| 2 | GWRDBB/ NCB/02/079-80 | Supply and Delivery of 2 Hp Electric Centrifugal Water Pumps for Morang District. | 1,25,000/- | 3,000/- | |
| 3 | GWRDBB/ NCB/03/079-80 | Supply and Delivery of 2 Hp Electric Centrifugal Water Pumps for Sunsari District. | 75,000/- | 3,000/- | |

**कार्यालय प्रमुख**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

भदौ २६ गते आइतबार (तिथिः प्रथम, नक्षत्रः पू.भा. कृष्णपक्ष)

| | |
|---|---|
| **मेष** | दैनिक कार्य सफल हुनेछ । |
| **वृष** | कार्यमा प्रगति हुनेछ । |
| **मिथुन** | मुटुमासम्बन्धी समस्याको योग छ । |
| **कर्कट** | सन्तान सुख प्राप्त हुनेछ । |
| **सिंह** | आकस्मिक धनलाभको योग छ । |
| **कन्या** | नाता□गोतास□ग मनमुटाव हुनेछ । |
| **तुला** | सम्मानमा वृद्धि हुनेछ । |
| **वृश्चिक** | धेरै लाभको कामना गर्नु हु□दैन । |
| **धनु** | धैर्य राखेपछि सफलता मिल्नेछ । |
| **मकर** | हतारमा कुनै निर्णय नलिनुहोला । |
| **कुम्भ** | व्यापारिक कार्यमा लाभ हुनेछ । |
| **मीन** | पारिवारिक विवादले अशान्ति पैदा गर्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ २६ गते, २०७९, ११ सेप्टेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रेन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## महानगरको...

पृष्ठ १ बाट जारी

सहयोग नै रहन्छ,' उनले भनिन् ।

फूलमाया र मञ्जलीले जस्तै कामपा वडा नं १७ का यशोधा थापाको भनाइ पनि प्रमुख शाहको समर्थन गर्ने पक्षमा नै छ । शिक्षण पेसा गर्दै आएकी थापाले भनिन्, 'नगरपिताले केही सकारात्मक परिवर्तन गर्न खोज्नुभएको छ, त्यसमा हाम्रो साथ रहन्छ ।'

कामपाको भित्री क्षेत्रमा कुनै पनि समयमा सहजरूपमा आवतजावत गर्न सकिँदैन, जताततै पसल छ, पसलको कारण कठिन भयो भन्न पाइँदैन, उल्टै पसल सञ्चालकले नै गाली गर्छन् उनीहरूसँग डराएर हिँड्नुपर्ने अवस्था छ, प्रमुख शाहको कदमले आगामी दिनमा उक्त समस्याबाट मुक्त पाउने विश्वास शिक्षक थापाको छ ।

थापा भन्छिन्, 'यो काम राम्रो छ, यसलाई महानगरको सबै स्थानमा अनुगमन गरी गैरकानुनी संरचना भत्काउने र नागरिक आवतजावत गर्ने बाटोमा सञ्चालन भइरहेका सबै पसल हटाउनुपर्छ ।'

थापा र शाक्यको भन्दा फरक मत छ रामेछापका अर्पण केसीको । उनले १३ वर्षदेखि असनको फुटपाथमा सञ्चालित जुत्ता व्यापारबाट छोराछोरीको लालनपालन गर्दै आएका थिए । पछिल्लो समय अनधिकृत संरचनासँगै फुटपाथ पसल हटाउने कामपले धेरैको व्यापार-व्यवसायमात्रै होइन, दैनिक खाने गाँससमेत खोसिएको उनको भनाइ छ । संरक्षण गर्नुपर्ने निकायले झनै विजोग बनाएर छाडेको भन्दै उनले दुःखेसो पोखे ।

चाडवाडको मुखमा महानगरले धेरैको विजोग बनाएको उनको गुनासो छ । 'लामो समयदेखि गरिँदै आएको पेसामात्रै खोसिएको छैन, काम गर्ने स्थान पनि खोसिएको छ,' केसीले भने, 'हटाउँदा पनि विकल्प दिनुपर्थ्यो ।' कामपाले यही भदौ ६ गतेदेखि अनधिकृतरूपमा निर्माण गरिएका र सार्वजनिक जग्गा मिचेर निर्माण गरिएका सम्पूर्ण संरचना भत्काउने काम निरन्तर गरिरहेको छ ।

कामपाले यसलाई अभियानका रूपमा नै अघि बढाएको भन्दै यो कार्य कसैले रोक्न नसक्ने भन्दै यसलाई निरन्तर अघि बढाउने अडान लिएको छ । 'कानुनीरूपमा अनधिकृत ठहर भएका सबै संरचना भत्काउने काम निरन्तर गरिनेछ, त्यसका लागि कामपाले नक्साअनुरुप वैध-अनधिकृत यकिन गरिरहेको छ,' कामपाका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले भने, ' नक्साविपरीतका संरचना, नक्सापास नगरी निर्माण भएका संरचना र सार्वजनिक जग्गा मिचेर बनाएका सबै संरचना भत्काउने काम कामपाको कर्तव्यभित्र पर्छ ।'

यो कामलाई अभियानका रूपमा सञ्चालन गरिने र महानगरको ३२ वटै वडामा निर्माण भएका यस्ता कुनै पनि संरचना बाँकी नराखिने महानगरप्रमुख शाहको सचिवालय सदस्य सुनिल लम्सालले बताए ।

यस सम्बन्धमा कामपाको ३५ दिने सार्वजनिक सूचना जारी गरेको थियो र सम्बन्ध भएका व्यक्ति वा संस्थाले यसको बेवास्ता गरेपछि कामपाले अनधिकृत संरचनामा डोजर चलाउन थालेको हो ।**कहाँ-कहाँ भत्काइए संरचना ?**

उक्त अभियानअन्तर्गत हालसम्म बानेश्वर कम्प्लेक्स तथा काठमाडौं मलका अनधिकृत संरचना, आरबी कम्प्लेक्सका करिब १४ वटा साना पसल र बानेश्वरमा रहेको अल्फाबिटामा पनि मापदण्डविपरीत प्रयोग भएका संरचना भत्काइएका छन् ।

त्यस्तै त्रिपुरेश्वरको वर्ल्ड ट्रेड सेन्टरमा राखिएको विद्युतीय विज्ञापन पनि महानगरप्रमुख शाहको निर्देशनमा हटाइसकेको छ । एक साताअघि वनस्थली चोकबाट ढुंगेधारा जाने बाटोमा रहेको सात टहरा र तीनवटा भ्याङ पनि कामपाले डोजर लगाएर भत्काइसकेको छ ।

त्यसैगरी बालाजु नयाँ बसपार्क आसपास र कोटेश्वरमा गरी १०० भन्दा बढी कानुनविपरीत निर्माण भएका संरचना भत्काइएको छ । गत आइतबार कोटेश्वर प्रहरीचौकी नजिकैको ५० भन्दा बढी अनधिकृत संरचना भत्काइएको थियो भने सोमबार पनि बसपार्कबाट गोंगबुतर्फ २० मिटर अगाडि मित्रनगरमा रहेको ५० भन्दा बढी अनधिकृत संरचना भत्काएको हो ।

यसरी भत्काइएका संरचनाअन्तर्गत सडकपेटी मिचेर बनाइएका सटर, टहरा, सटर अगाडिका छत र सडक मिचेर बनाइएका भ्याङ रहेको कामपाको भनाइ छ । अनधिकृत संरचना हटाउन निरन्तर लागिरहेको कामपाको ध्यान असन र इन्द्रचोकमा अस्तव्यस्तरूपमा सञ्चालन भइरहेका पसलतर्फ गएको छ । यस क्षेत्रका फुटपाथको व्यापार हटाउने कामसँगै अव्यवस्थित हुने गरेको पार्किङ पनि व्यवस्थापन गर्ने काम भइरहेको नगर प्रहरी प्रमुख पाण्डेले बताए ।

अनधिकृत संरचना हटाएसँगै हाल उपत्यकामा भइरहेको पार्किङको समस्या २५ प्रतिशतले समाधान हुनाका साथै ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने कामपाले विश्वास लिएको छ । हाल बेसमेन्ट र अण्डरग्राउण्ड पार्किङ राख्ने सर्तमा कर छुट लिइरहेका ३५ वटा भवन रहेको कामपाले जनाएको छ । *रासस*

## राष्ट्रपतिले...

पृष्ठ १ बाट जारी

विषयलाई राजनीतिक विषय बनाउने मुडमा भएकै देखेको थिएँ ।'

राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण नगर्ने सम्भावना पनि भएको उनले बताए । 'विधेयक प्रमाणित नगरे अदालतमा जान्छ । अदालतको फैसलापछि प्रमाणीकरण हुन्छ । दोस्रो, उहाँले राजीनामा दिनुपर्छ,' दाहालले भनेका थिए ।

त्यसको भोलिपल्ट एमाले अध्यक्ष ओलीले दाहाललाई काउन्टर दिएका छन् । उनी राष्ट्रपतिको बचाउमा उत्रिएका छन् । भण्डारी तत्कालीन एमाले उपाध्यक्ष भएका बेला राष्ट्रपति चुनिएकी थिइन् । बेलाबेला उनी एमालेको विषयलाई लिएर विवादमा आउने गर्छिन् । एमालेप्रति उनको अतिरिक्त झुकाव रहेको आरोप लाग्छ । एमाले पनि राष्ट्रपतिको बचाउमा उत्रिरहन्छ । खासगरी एमाले अध्यक्ष ओली राष्ट्रपतिप्रति कसैले नकारात्मक टिप्पणी गरेपछि त्यसको प्रतिवादमा उत्रिहाल्छन् । यसपटक पनि त्यस्तै भयो ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीले राष्ट्रपतिले पुनर्विचार गर्न पठाएको नागरिकता विधेयक जस्ताको तस्तै पास गरेर सरकारले उद्दण्डता देखाएको भन्दै माओवादी अध्यक्ष दाहालले राष्ट्रपतिको राजीनामा मागेकोमासमेत आपत्ति जनाए । गृहजिल्ला झापा जाने क्रममा शनिबार अपराह्न विराटनगर विमानस्थल उत्रिएका अध्यक्ष ओलीले जन्मसिद्ध नागरिकका सन्तानलाई नागरिकता दिनेगरी अहिलेको विधेयक फिर्ता लिएर अर्को विधेयक ल्याउन सरकारलाई आग्रह गरे ।

ओलीले दाहालको आदेशमा राष्ट्रपतिले राजीनामा दिनुपर्ने हो ? भन्ने प्रश्न गर्दै सरकारका उद्दण्ड क्रियाकलापलाई एमालेले संसद्बाहिरबाटै ठेगान लगाइदिने बताए ।

साउन २९ गते संघीय संसद्बाट पारित भएको विधेयकलाई राष्ट्रपति भण्डारीले १५ बुँदे सन्देशसहित फिर्ता पठाएकी थिइन् । भण्डारीले फिर्ता पठाएपछि सत्ता गठबन्धनको बैठक बसेर उक्त विधेयक जस्ताको त्यस्तै पारित गरेर पठाउने निर्णय गरेको थियो । लगत्तै प्रतिनिधिसभाले उक्त विधेयकलाई पेस गर्दै पुरानै अवस्थामा पारित गरेको थियो । राष्ट्रिय सभामा भने उक्त विधेयक केही समय रोकिएको थियो । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा विधेयक पठाइएको थियो । समितिले दुई दिन छलफल गर्दै बहुमतले पारित गरेर राष्ट्रिय सभामा पठाएको थियो ।

समिति हुँदै आएको उक्त विधेयकमा कुनै पनि परिर्वतन भएको थिएन । राष्ट्रिय सभाले उक्त विधेयक भदौ १७ गते पारित गरेको थियो । राष्ट्रिय सभाबाट पारित भएपछि जानकारीका लागि प्रतिनिधिसभामा आएको थियो । संघीय संसद् सचिवालयले भदौ २० गते उक्त विधेयक दोस्रोपटक राष्ट्रपति भण्डारीसमक्ष प्रमाणीकरणका लागि पठाएको थियो । अहिले उक्त विधेयकमाथि राष्ट्रपतिले परामर्श गरिरहेकी छन् ।

विधेयकको पक्ष र विपक्ष दुवैतिर लबिइङ गरिरहेका समूहलाई राष्ट्रपति भण्डारीले भेट गरिरहेकी छन् । बुधबार साना कम्युनिस्ट पार्टीका नेताहरुसँग भेट गर्दै नागरिकता विधेयकबारे छलफल गरेकी थिइन् । वैज्ञानिक समाजवादी पार्टी र नेपाल कम्युनिस्ट पार्टीलगायतले नागरिकता विधेयक प्रमाणीकरण गर्न नहुने भन्दै राष्ट्रपतिलाई भेटेका थिए । त्यस्तै, बिहीबार पनि उनले जसपा अध्यक्ष उपेन्द्र यादव र पूर्वसुरक्षाकर्मीलगायतसँग छलफल गरेकी थिइन् ।

संविधानअनुसार, पहिलोपटक सदनबाट पारित भई प्रमाणीकरणका लागि आएको विधेयक राष्ट्रपतिले १५ दिन 'होल्ड'मा राखेर सदनलाई फर्काउन सक्छिन् । जुन व्यवस्था संविधानको धारा ११३ मा गरिएको छ । दोस्रोपटक उनलाई १५ दिनसम्म राख्ने अधिकार त छ तर, फिर्ता पठाउने अधिकार छैन । तर, यो बीचमा राष्ट्रपतिले सर्वोच्च अदालतसँग परामर्श लिने तयारी गरेको बताइन्छ ।

यसअघि २०५८ सालमा तत्कालीन राजा वीरेन्द्र शाहले नागरिकता विधेयकको सन्दर्भमा सर्वोच्च अदालतसँग राय लिएका थिए । तर, राजतन्त्र अन्त्य गरेर गणतन्त्र ल्याएको र राष्ट्रपतिको संस्था गठन गरेको स्थितिमा संविधानले प्रस्ट नभनेको अधिकार प्रयोग गर्दा सो संस्था विवादमा पर्ने निश्चित प्रायः रहेको कानुनविदहरुको भनाइ छ ।

संवैधानिक राष्ट्रपतिलाई सर्वोच्च अदालतको राय सुझाव लिने व्यवस्था नेपालको संविधानमा नभएको उनीहरुले बताएका छन् । २०४७ सालको संविधानको धारा ८५ मा राष्ट्राध्यक्षले कुनै जटिल प्रश्न उठ्यो भने सर्वोच्च अदालतको राय लिनसक्ने व्यवस्था गरेको थियो । तर, अहिलेको संविधानमा राष्ट्रपतिलाई सरकार र कुनै निकायले सिफारिस गरेमा सल्लाह दिने र कार्यसम्पादन गर्ने अधिकार मात्र दिएको छ ।

प्रमाणीकरण भएको विधेयकको जस र अपजस लिने काम सरकार र संसद्को हो । निष्पक्ष भएन, संविधानको गम्भीर उल्लंघन भयो भनेर सर्वोच्चमा रिट पर्‍यो भने सरकार र संसद्लाई न्यायिक पुनरवलोकन लाग्ने तर, राष्ट्रपतिलाई मुद्दा नलाग्ने कानुनविदहरु बताउँछन् । संवैधानिक राष्ट्रपतिले एकपटक सन्देशसहित पठाइसकेको कारण राष्ट्रपतिले त्यसको जस, अपजस लिने कुरा नहुने संविधानविद चन्द्रकान्त ज्ञवालीले बताए ।

अर्कोतिर, संविधानले दिएको तटस्थ भूमिकाभन्दा बाहिर गएर पक्षधरता देखाउनासाथ राष्ट्रपति थप विवादमा पर्ने निश्चित छ । उनले अनावश्यक राजनीति गरेको आरोप पनि लाग्न सक्छ । न्यायिक पुनरवलोकन गर्ने नगर्ने, संवैधानिक इजलासमा लिने नलिने, संवैधानिक परीक्षण गर्ने नगर्ने भन्ने कुरा अदालतमा जाने बताउँदै ज्ञवालीले संसद्ले बनाएको ऐन जस्ताको त्यस्तै पारित नगरे राष्ट्रपतिमाथि नै मुद्दा लाग्नसक्ने उल्लेख गरे । संविधानविपरीत भएको अवस्थामा संवैधानिक इजलासले हेर्ने बताउँदै ज्ञवालीले त्यस विषयमा राष्ट्रपतिले चिन्ता लिनुनपर्ने बताए ।

अहिले पनि गहन परामर्शमै रहेकी राष्ट्रपतिले १५ दिनको समयसीमाभित्र विधेयक प्रमाणीकरण गर्छिन् वा अन्य केही विकल्प प्रयोग गर्छिन् भन्ने अबको केही दिनमा थाहा हुनेछ ।

# समानुपातिकमा २० लाख मत पाउँछौं : अध्यक्ष नेपाल

■ प्रभाव संवाददाता



**चन्द्रौटा–** नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले आगामी निर्वाचनमा समानुपातिकमा २० लाख मत पाउने दाबी गरेका छन् ।

मुस्लिम इत्तेहाद संगठन लुम्बिनी प्रदेशको शनिबार आयोजित भेलालाई सम्बोधन गर्दै छोटो समयमा एकीकृत समाजवादीले जनताको मन जित्न सफल भएको बताए । उनले भने, 'हामी ढुक्क छौं, समानुपातिकमा २० लाख बढी मत ल्याउँछौं ।'

गत स्थानीय तहमा १० लाखको हाराहारीमा मत पाएको बताउँदै उनले आगामी निर्वाचनमा दृढताका साथ होमिन आग्रह गरे । उनले देशको विकासका लागि पाँच दलीय गठबन्धन बनेकाले गठबन्धनलाई जिताउन सबै लाग्नुपर्ने बताए ।

मुस्लिम इत्तेहाद संगठनले देशभरका प्रदेशमा भेला भइरहेकाले मुस्लिम एकजुट भई संगठन बलियो बनाउन उनले आग्रह गरे ।

पार्टीका सबै संगठनलाई मजबुत बनाउने दायित्व सबै नेता कार्यकर्ताको रहेकाले गाउँगाउँमा संगठन बलियो बनाउनुपर्नेमा नेता नेपालले जोड दिए । उनले भने, 'संगठन बलियो बनाउने भनेको हामी आफैँले हो, त्यसैले तपाइँहरु लाग्नुस् संगठन मजबुत बनाउने तिर ।'

उनले गरिब र अत्याचारविरुद्ध लड्ने पार्टी एकीकृत समाजवादी रहेकाले आगामी निर्वाचनमा अत्यधिक मत पाउनेगरी काम गर्नुपर्ने बताए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपालले छोरा र छोरीमा विभेद गर्न नहुने बताए । छोरीलाई पनि शिक्षाको पहुँचमा ल्याउनुपर्ने भन्दै उनले स्थानीय सरकार प्रदेश सरकारले विशेष कदम चाल्नुपर्ने बताए । उनले मधेस प्रदेशले बेटी बचाउ, बेटी पढाउ अभियान सञ्चालन गरी छोरीलाई शिक्षाको पहुँचमा पुऱ्याउने प्रयास गरेको बताए । उनले मदरसालाई व्यवस्थित गराइ सरकारी स्वामित्वमा ल्याउन र हज कमिटी गठनमा आफूले प्रयास गरेको बताए ।

कार्यक्रममा सहरी विकासमन्त्री मेटमणि चौधरीले नेपालको रक्षा गर्न मुस्लिम समुदायको महत्वपूर्ण भूमिका रहेको बताए । उनले एकीकरणको समयदेखि हालसम्म मुस्लिम समुदायले देशको रक्षाका लागि गरेको प्रयास प्रशंसनीय रहेको जिकिर गरे ।

# लागुऔषधसहित ७ जना पक्राउ

**काठमाडौं(प्रस)–** काठमाडौं, दक्षिणकाली नगरपालिका-५ फर्पिङबाट करिब २ केजी ५ सय ग्राम अवैध लागुऔषध गाँजा सहित भारत घर भई काठमाडौं बस्ने २८ वर्षीय राजु रामलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

हेटौंडाबाट काठमाडौंतर्फ आउँदै गरेको ना.१ ज ५५२३ नम्बरको सुमोलाई प्रहरीले जाँच गर्ने क्रममा सुमोमा सवार उनलाई उक्त लागुऔषध सहित फेला पारी पक्राउ गरेको हो । यसैगरी काठमाडौं महानगरपालिका-३२ जडिबुटीबाट नियन्त्रित लागुऔषध फेनारगन, डाइजेपाम र ब्रुप्रेनोर्फिन समेत गरी २ हजार १३ एम्पुल सहित २ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सप्तरी खडक नगरपालिका-८ घर भएका २९ वर्षीय दिपेन्द्र सरदार र कञ्चनपुर, कञ्चनपुर नगरपालिका-९ घर भएका २३ वर्षीय सुरज सरदार रहेका छन् । प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिई उनीहरूको डेराकोठा समेत तलासी गर्दा उक्त लागुऔषध, मोवाईल २ थान र नगद ५४ हजार रूपैयाँ फेला पारी दुवै जनालाई पक्राउ गरेको हो ।


## Invitation for Bids

### Agriculture and Forestry University

### College of Natural Resources Management

Date of publication: **2022/09/11 (2022 September 11)**

Invitation for Bids No: **NCB/CNRMT/G/1/2079/80**

1. The Agriculture and Forestry University, College of Natural Resources Management Tikapur invites ***electronic*** bids from eligible bidders for the procurement of ***Procurement of Staff Bus*** under National competitive bidding – Single Stage Single Envelope procedures**.**
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in urn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Agriculture and Forestry University, College of Natural Resources Management Tikapur , Kailali, opsingh@afu.edu.np, 9845046746 or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **Rs 3000** in the following Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: **Nepal Bank Ltd**

Name of Office : **CNRM Tikapur (College of Natural Resources Management )**

Office Account no.: **10700106801810000001**

5. Pre-bid meeting shall be held at Agriculture and Forestry University, College of Natural Resources Management at ***2022 september 30 at 2:00 pm***
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12 :00 pm*** on ***2022 October 11***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***12 :00 pm*** on ***2022 October 11*** at the office of Agriculture and Forestry University, College of Natural Resources Management. Bids must be valid for a period of 90 Days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs***.100000***, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. ***120 days*** from the date of bid opening***)***
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सिटामोलको अभाव हुन नदेऊ

पछिल्ला केही दिनयता काठमाडौं उपत्यकासहित देशका विभिन्न क्षैत्रमा डेंगु ज्वरोका बिरामी बढिरहेका छन् । दैनिक बिरामी अस्पताल पुग्ने क्रम बढ्दो छ । अहिलेसम्म छ हजारभन्दा बढी डेंगुका बिरामी पुष्टि भइसकेको सरकारी तथ्यांक छ । स्वास्थ्यकर्मीहरुका अनुसार उच्च ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, जिउ पूरै दुख्ने, वान्ता हुने, खान मन नलाग्ने, पखाला लाग्ने, घुँडाका जोर्नी दुख्ने, पिँडौंलाको मासु दुख्ने आदि डेंगुका लक्षण हुन् ।

तर, दुःखको कुरा डेंगु ज्वरोको संक्रमण बढेसँगै बजारमा सिटामोल औषधिको अभाव हुन थालेको छ । अहिले सिटामोलको माग उच्च भएसँगै यसको अभाव हुन थालेको खबर सार्वजनिक भइरहेका छन् । सामान्य ज्वरो आउँदा औषधि पसलमा सिटामोल किन्न जाँदा सर्वसाधारणले पाइरहेका छैनन् । डेंगुको लक्षण देखिएका बिरामीलाई सिटामोल र जीवनजलजस्ता औषधि दिनुपर्छ । तर, त्यही सिटामोलको औषधिको अभाव भएको जनाइएको छ ।

डेंगुका प्रकोप बढ्न थालेपछि सर्वसाधारणले पनि घरमा सिटामोल किनेर राख्ने गरेका छन् । यसले पनि सिटामोलको अभाव भएको बताइएको छ । धेरै नै ज्वरोका बिरामी बढेकाले सिटामोलका माग बढेर अभाव भएको हुनसक्ने स्वास्थ्यकर्मीहरु बताउँछन् । नेपाल औषधि व्यवस्था विभागका निर्देशक भरत भट्टराईले सिटामोल पाइएन भन्ने गुनासो सुनेको बताए । तर, स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. सञ्जयकुमार मण्डल बजारमा सिटामोलको अभाव नभएको दाबी गर्छन् । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका मेडिकल अधिकृत डा. श्रवणकुमार मण्डलले डेंगुका बिरामीलाई उच्च ज्वरो आउने र ज्वरो कम गर्नका लागि सिटामोल खानुपर्ने बताए ।

संकटको बेला औषधिको कृत्रिम गराउने गर्ने समस्या बढ्छ । अहिले पनि मूल्य बढाउनका लागि अभाव सिर्जना गर्न थालिएको हुनसक्छ । कुनै पनि महामारीका बेला सिटामोलजस्तो औषधिको अभाव हुन दुःखद् हो । नेपाल औषधि व्यवस्था लिमिटेडका सूचना अधिकारी टीकाराम अर्याल डेंगुको संक्रमण बढ्न थालेपछि सिटामोल औषधि बनाउनका लागि कच्चा पदार्थ आयात गर्न थालेको बताएका छन् । उनका अनुसार हप्ता दिनभित्रमा कच्चापदार्थ आउने र त्यसपछि सिटामोल औषधि उत्पादन गरिनेछ । करिब ५० लाख ट्याबलेट सिटामोल उत्पादन गर्नका लागि कच्चा पदार्थ ल्याउन थालिएको छ । अहिले पनि औषधि लिमिटेडसँग करिब १५ लाख ट्याबलेट मौज्दात रहेको उनको भनाइ छ । नेपालमा वार्षिक १० करोड ट्याबलेट सिटामोलको माग छ । डेंगु, सामान्य ज्वरोलगायतका समस्या हुँदा सुरुमा सिटामोल नै चाहिने हो । सिटामोलले काम नगरेपछि मात्र अन्य औषधि चलाउने हो । तर, प्राथमिक औषधि नै उपलब्ध नहुनु राम्रो कुरा होइन । राज्यले यसमा समयमै ध्यान दिनुपर्छ । सिटामोल मात्र होइन अन्य विभिन्न औषधिहरुको मौज्दात राख्नुपर्छ । कुनबेला के आइपर्छ कसैलाई पनि थाहा छैन । त्यसैले यस्ता अत्यावश्यकीय वस्तुको मौज्दात राख्नु बुद्धिमत्त हो । हाललाई सिटामोलको अभाव हुन नदेऊ ।



▶▶ जगत नेपाल

# बिपीमाथि अनुसन्धानः कसले गर्ने, कसरी गर्ने ?

मुलुकको इतिहासमा पहिलोपटक निर्वाचित संविधानसभा (२०६४) विघटन भएपछि मुलुकमा एक प्रकारको अन्योलको वातावरण थियो । फेरि दोस्रोपटक संविधानसभा निर्वाचन गर्ने वा संसद्को चुनाव भन्ने तीव्र बहस चलिरहेको थियो । ती दिन म कान्तिपुर टेलिभिजनमा राजनीतिक ब्युरो प्रमुखको रूपमा काम गर्थें । हरेक दिन कुनै न कुनै राजनीतिक घटना भएकै हुन्थे । टेलिभिजनका लागि समाचार तयार गर्न हामीलाई सधैं चटारो परेकै हुन्थ्यो ।

यस्तैमा एक दिन नेपाली कांग्रेसका नेता चक्र बाँस्तोलाले फोन गरेर भन्नुभयो- के छ तिम्रो आजको कार्यक्रम । मैले भनें- समाचारको काम केही न केही त भैहाल्छ नि दाइ । त्यस्तो विशेष त केही छैन ।

चक्रदाइले भन्नुभयो- त्यसो हो भने मैले एउटा सानो कार्यक्रम आयोजना गरेको छु । न्यु प्लाजामा तिमी आउनु एक/डेढ घण्टाका लागि । कति समाचार मात्र बनाउछौं । आज हाम्रा कुरा पनि सुन । युवाहरूले पनि सुन्नुपर्छ ।

दाइले भनेको समयमै कार्यक्रम स्थलमा पुगें । डा. विपिन अधिकारीको अफिस रहेछ । थोरै मानिस डाक्नुभएको रहेछ । तर, सबै एक से एक । त्यो बेलासम्म मलाई के कार्यक्रम हो ? दाइले किन बोलाउनुभयो ? केही थाहा थिएन । त्यो क्षण अहिले पनि याद आउँछ, भीमबहादुर तामाङ, प्रदिप गिरि, डा. शेखर कोइराला, डा. दिनेश भट्टराई हुनुहुन्थ्यो । सहभागीमध्ये सबैभन्दा कान्छो म नै थिएँ । एक जना वासु रिजाल थिए, उनी चक्रदाइको सहयोगीका रूपमा टिममै बसेर काम गरिरहेका थिए ।

कार्यक्रम सुरु भएपछि मात्र थाहा भयो, प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपीको शतवार्षिकी (२०७१) का अवसरमा बृहत् कार्यक्रम गर्ने, उनका विचार र सिद्धान्तलाई समयानुकल व्याख्या गरी पुस्तक प्रकाशन गर्ने र देशभर कार्यक्रम आयोजना गर्ने योजनाका साथ बिपी कोइराला सहशताब्दी समारोह समिति गठन भएको रहेछ । त्यसको अध्यक्षमा भीमबहादुर तामाङ, सदस्यहरूमा चक्र बाँस्तोला, प्रदिप गिरि र डा. शेखर कोइराला र सदस्यसचिव डा. दिनेश भट्टराई हुनुहुँदो रहेछ ।

वर्षभर सञ्चालन गर्ने योजना र त्यसका लागि कति बजेट आवश्यक छ भन्ने विषयमा मिहिन गृहकार्य गरिसकेको रहेछ । त्यही कार्यक्रममा चक्रदाइले भन्नुभएको थियो, ' बिपीसँग संगत गरेका, उहाँलाई पढे, बुझेकामध्ये हाम्रो पुस्ता मात्र बाँकी छ । हाम्रा अग्रजहरू प्रायः बितिसक्नुभयो । अहिले संयोगले बिपी जन्मिएको १०० वर्ष पनि पुग्दै छ । यो बेलामा के-के काम गर्न सकिन्छ हामी तयारी गरौं भनेर तपाईंहरूलाई बोलाइएको हो ।'

झण्डै एक घण्टाको छलफलमा प्रदीप गिरिले ठटचौली शैलीमा भन्नुभएको थियो- ' अहिले नै यो काम गर्नुपर्छ नत्र हामी सबैको उमेर तपाईंहरूलाई थाहा नै छ ।' बिपीसँग खुलेर छलफल गरेका र खरो बहसमा उत्रिएका बौद्धिक नेताहरूले कम्मर कसेपछि काम हुनेभयो भन्दै खुसी हुँदै फर्किएँ ।

चक्रदाइ त्यो योजनाका लागि बजेट जुटाउने गृहकार्यमा हुनुहुन्थ्यो । सदस्य-सचिव डा. भट्टराईका अनुसार उहाँ बिपीजत्तिको राजनेताका बारेमा गरिने अनुसन्धानका लागि विदेशी दाताबाट सहयोग खोज्ने होइन, नेपाल सरकारबाटै यो काम गराउनुपर्छ भन्नेमा हुनुहुन्थ्यो ।

त्यतिबेला डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुनुहुन्थ्यो । योजना र कार्यक्रमको खाका तयार भैसकेको थियो । यसमा अन्तर्राष्ट्रियस्तरका नेता वा विद्वानलाई आमन्त्रण गरी काठमाडौंमा भव्य कार्यशाला गर्ने, नेपालका ७५ जिल्ला (त्यो बेला) मा कार्यक्रम गर्ने, पुस्तक प्रकाशन गर्नेलगायतका योजना थिए । त्यसका लागि अनुमानित आठ करोड रुपैयाँ खर्च हुनेगरी बजेटको खाका उहाँले बनाउनुभएको थियो । तर, दुर्भाग्य २०६९ मंसिर १६ मा अध्यक्ष भीमबहादुर तामाङको मृत्यु भयो । त्यसको एक महिना नपुग्दै पुस १४ गते चक्रदाइ अचेत हुनुभयो । होसमा नआएरै २०७५ असोज २७ मा चक्रदाइको निधन भयो ।

चक्रदाइको जीवनी लेख्ने क्रममा एक पटक मैले प्रदीप गिरिसँग भटेको थिएँ । त्यो बेला उहाँले भन्नुभएको थियो- हेर्नुस्, मेरो त उमेरले पनि साथ दिँदैन अब म चाहेर पनि पहिलाजस्तो काम गर्न सक्दिनँ । तर, नेपालको प्रजातान्त्रिक आन्दोलनका विषयमा अध्ययन अनुसन्धान गर्नुपर्ने धेरै विषय छन् । गर्ने कोही इमान्दार युवा छन् भने म सहयोग पनि जुटाइदिन सक्छु । तर, मैले त्यस्तो युवा जमात फेला पार्न सकेको छैन ।

वि.सं. २०७९ भदौ ५ मा प्रदिप गिरिकोसमेत निधन भएपछि नेपाली कांग्रेसभित्र बिपीको संगत गरेका बैद्धिक नेताहरूको अवसान भएको छ । नेपालको प्रजातान्त्रिक आन्दोलन अनि मूल्य, मान्यता, निष्ठा र आदर्शको राजनीतिमा विश्वास गर्ने जो कोही लागि बिपी आदर्श राजनेता हुन् । तर, उहाँको बारेमा खोजी गर्ने कामलाई बिपीका अनुयायी भनेर राजनीतिक र अरु लाभ उठाउनेहरूले प्राथमिकतामा राखेको म देख्दिन ।

युनिभर्सिटी अफ क्यालिफोर्निया वर्कलेको निमन्त्रणमा सन् २०१९ मा अतुल कोइराला दाइ र म युसी वर्कले पुगेका थियौं । त्यहाँका प्राध्यापकले बिपी नेता र प्रसिद्ध साहित्यकार मात्र होइन, विश्वले पत्याएका एक उच्चस्तरका विद्वान पनि भनेको सुन्दा कम्ता गर्व लागेको होइन । त्यही एउटा पत्र हेर्ने मौका मिल्यो । युनिभर्सिटी अफ क्यालिफोर्निया वर्कलेका प्राध्यापक लियो इ रोजले बिपीलाई लेखेको पत्र । यस पत्रमा प्राध्यापक रोजले आफ्नो एउटा अनुसन्धान लेख हेरेर सल्लाह सुझाव दिन र परिमार्जनका लागि सघाउन आग्रह गरेका छन् ।

त्यसैले त काठमाडौं विश्वविद्यालयको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले एक जना अमेरिकी राष्ट्रपतिले नोबेल पुरस्कार विजेताहरूलाई ह्वाइट हाउसमा रात्रिभोज दिएको प्रसंग उल्लेख गर्नुभएको थियो । माथेमा लेख्छन्, ती राष्ट्रपतिले त्यस दिन भनेका थिए- 'आज म अति नै खुसी छु । किनभने ह्वाइट हाउसमा पहिलोपटक यतिका

> नेपालको प्रजातान्त्रिक आन्दोलन अनि मूल्य, मान्यता, निष्ठा र आदर्शको राजनीतिमा विश्वास गर्ने जो कोही लागि बिपी आदर्श राजनेता हुन् । तर, उहाँको बारेमा खोजी गर्ने कामलाई बिपीका अनुयायी भनेर राजनीतिक र अरू लाभ उठाउनेहरूले प्राथमिकतामा राखेको म देख्दिन ।

धेरै नोबेल पुरस्कार विजेतासँग बसेर मैले रात्रिभोज गर्न पाए । यो मेरो जीवनकै सर्वाधिक स्मरणयोग्य घटना हुनेछ । तर तपाईंहरू सबैसँग रात्रिभोज गरेकोभन्दा बढी खुस म त्यो बेला हुने थिएँ, यदि मैले थोमस जेफर्सनसँग रात्रिभोज गर्न पाएको भए । नेपालको सन्दर्भमा बिपी पनि त्यस्तै हुन् । *रासस*

*(लेखक नेपाल पत्रकारिता तथा आमसञ्चारको प्राध्यापनमा सक्रिय छन्)*



▶▶ विपुल पोखेल

# बिपी : जनपक्षीय राजनीतिका पर्याय

**आजीवन जनताप्रति इमान्दार नेताको छवि बनाउनुभएका बिपी कोइरालाको सोच, उहाँको चरित्र र उहाँको दूरदृष्टिसहितको राजनीतिक निर्णय गर्ने क्षमता वर्तमान राजनीतिक नेतृत्वमा प्रदर्शित हुन सकिरहेको छैन ।**

वि.सं.२००७ सालको क्रान्तिले नेपाली राजनीतिलाई जनस्तरसम्म पुऱ्यायो । क्रान्तिपूर्व यो विषय राणा र राजाका पारिवारिक विषयजस्तो मात्र थियो । केही सचेत युवाले राजनीतिको कुरा गर्दा 'भित्ताका पनि कान हुन्छन्' भन्दै तर्सन पर्थ्यो । जनस्तरमा त प्रायः राजनीति भन्ने कुरा हाम्रो सरोकारको विषय नै हैन भन्ने सोच थियो । नेपालको राजनीतिलाई यसरी जनताको सरोकारको विषय बनाउने अभियानको नेतृत्वकर्ता बिपी कोइराला हुनुहुन्थ्यो । उहाँले राणा शासकलाई चुनौती दिनुभएको थियो, 'सरकार, अब पुर्पुरोमा लेखिएको भरमा शासन गर्ने दिन गए ।'

सात सालको क्रान्तिको सफलतास्वरुप जनताको हातमा आएको राजनीति आजको दिनमा सही अर्थमा जनताको हातमा छ कि छैन ? भनेर समीक्षा गर्दा त्यति धेरै उत्साहित हुन सकिने अवस्था छैन । यद्यपि, जनताका माझबाट निर्वाचित हुने र निर्वाचितहरूले शासन गर्ने प्रक्रिया भने निरन्तर चल्दै छ । यो प्रक्रियाको निरन्तरताका कारण नेपालमा लोकतान्त्रिक पद्दति छ भनेर भन्न सकिने ठाउँ पनि छ ।

संविधानले पनि यस्तो प्रणालीलाई सुनिश्चित गरेको छ । तर, जनताले राजनीति आफ्नो हातमा छ भनेर विश्वास गर्ने तथा अनुभूति गर्ने गरेको भने पाइँदैन । जनताले यस्तो अनुभूति गर्न नसक्नुको कारण राजनीतिक पद्दति होइन, राजनीतिक नेतृत्व हो ।

नेपालले बिपी कोइरालापछि यस्तै राजनीतिक नेतृत्वको अभाव महसुस गर्दै आएको छ । यसले गर्दा पद्दति परिवर्तनका आन्दोलनहरूले सफलता पाइराख्दा पनि जनताको आत्मविश्वास बढ्न सकिरहेको छैन । शासकप्रतिको वितृष्णा, युवा समुदायमा विदेश पलायन हुनेतर्फको सोच आदि कुराहरूले नेपालमा आश्वस्त हुने नेतृत्वको अभाव महसुस गरिएको देखाउँछ । नेतृत्वले आफू जनताकै माझमा रहेको अनुभुति दिन सक्नुपर्दछ । बिपी कोइरालाले जनतालाई त्यस्तो अनुभूति दिलाउनुभएको थियो ।

पञ्चायतविरुद्धको आन्दोलनको नेतृत्व गरिरहँदा पनि उहाँले भन्नुहुन्थ्यो, 'एक करोड नेपाली जनताले पञ्चायत ठीक छ भन्छ भने म पनि पञ्चायत स्वीकार गर्छु ।' (त्यतिबेला नेपालको जनसंख्या सालाखाला एक करोड थियो ।) राष्ट्रियताको बारेमा उहाँले एक ठाउँमा भन्नुभएको थियो, 'देशको सिमानामा बस्ने नेपालीले हाम्रो राष्ट्रियता जोगाइराखेका छन् । असली राष्ट्रवादी उनीहरू हुन् ।' राष्ट्रियता भनेको जनताको भावना हो भन्नुहुने बिपीले जहिले पनि राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई परिपूरक रूपमा लिनुभयो ।

समाजवादी चिन्तक बिपीको परिभाषामा जसले गरिब किसानको हितमा कार्यक्रम दिनसक्छ, समाजवादी उही हो । त्यतिमात्र होइन, एक प्रसंगमा उहाँले भन्नुभएको थियो, योजना आयोगमा तपाईंहरूले महाराजाको तस्बिर राख्नुभएको रहेछ । त्यसको छेउमा एउटा गरिब किसानको हलो बोकेको, फाटेको टोपी र कछाड लगाएको नांगो तस्बिर पनि राख्नुस् । अनि त्यो हाँसो नखुलेको किसानको अनुहारमा हाँसो कसरी खुलाउने भन्ने सोचेर योजना बनाउनुस् ।

उहाँ भन्ने गर्नुहुन्थ्यो, 'मलाई कुनै कुरामा निर्णय लिनुपऱ्यो भने मेची-काली घुम्छु, जनतासँग अन्तरक्रिया गर्छु, गाउँलेको समस्या बुझ्छु, उनीहरूको व्यथाको अनुभूति गर्छु अनी आफ्नो विवेकले भनेको आधारमा निर्णय लिन्छु ।' स्वतन्त्रतालाई व्याख्या गर्ने क्रममा मानिस ब्रेडले हैन, ब्रेनले चल्छ भन्ने मान्यतामा उहाँ अडिग हुनुहुन्थ्यो ।

राजनीतिलाई जनतासँग जोड्ने कुरालाई यसरी बिपी कोइरालाले आजीवन अभिव्यक्त गरिरहनुभयो । उहाँका यी र यस्ता अभिव्यक्तिले नेपालीलाई सधैं आत्मविश्वास जगाइदिइराख्यो र राजनीतिमा संलग्नता बढाइ पनि राख्यो । उहाँको आह्वानमा मानिसले बलिदानी गर्नसम्म पनि हिच्किचाएनन् । बिपीको निधनलगत्तै प्रतिक्रिया दिँदै कम्युनिस्ट नेता मनमोहन अधिकारीले भन्नुभएको थियो, 'बिपीको निधनबाट नेपाली जनताले आफ्नो घाँटीमा अड्किएको भाषा बोलिदिने नेता गुमाएका छन् ।'

उहाँले जनता उचाल्ने, प्रयोग गर्ने, राजनीतिक सौदा गर्ने र आफू सत्तामा पुग्ने खेललाई सदा अस्वीकार गर्नुभयो । दुईवटा सन्दर्भहरूले उहाँको यो चरित्रको पुष्टि गर्न सकिन्छ ।

१. जनमत संग्रहको नतिजा आफ्नो पक्षमा नआए पनि उहाँले स्वीकार गर्नुभयो । पञ्चायतको चरम धाँधलीका कारण त्यस्तो अप्रत्यासित नतिजा आएको कुरामा उहाँलाई शंका थिएन । गणेशमान सिंहलगायतका उहाँका अत्यन्त नजिकका साथीहरूले त्यो परिणाम अस्वीकार गरी आन्दोलनमा जान भन्दै गर्दा पनि उहाँले मान्नुभएन । मानिदिएको भए नरसंहार हुन सक्थ्यो, उहाँको 'बार्गेनिङ पावर' बढ्न सक्थ्यो र सत्ताको सौदा पनि हुन सक्थ्यो । तर, उहाँले प्रजातन्त्रका बारेमा अझै जनमत बढाएर अघि बढ्ने फैसला लिनुभयो, जुन फैसला सत्ताको यात्राभन्दा निकै टाढा थियो ।
२. २०३६ सालको आन्दोलन चर्किंदै गर्दा जनकपुर चुरोट कारखानाका मजदुरहरू पनि आन्दोलनमा जोडिन चाहे । उनीहरूले केही मागहरूसहित आन्दोलनमा आउन चाहेको जनाउ बिपी कोइरालालाई दिए । ती मागहरू पढेपछि बिपी कोइरालाले भन्नुभयो, 'यी मागहरू त म आफैं प्रधानमन्त्री भएपछि पनि पूरा गर्न सक्दैन । त्यसैले मैले समर्थन गर्न सक्दैन ।'
३. एकजना विदेशी बिपी कोइरालालाई भेट्न गएछन् र सोधेछन्,-'राजा फालेर तिमीलाई राष्ट्रपति बनाउने कुरामा तिम्रो सहमति छ ?' बिपीले केही समय लिएर मात्र यो बारेमा धारणा बनाउने भन्दै उनलाई पठाइदिनुभयो । बिपीका शुभेच्छुकले बिपीलाई केरकार गर्दै भनेछन् कि त्यो प्रस्ताव बिपीले स्वीकार गर्नुपर्थ्यो । बिपीको जवाफ थियो, 'राजा फालेर मलाई राष्ट्रपति बनाउने शक्तिले मलाई कति दिन टिक्न दिन्छ होला ? म त्यो शक्तिको लालसामा पर्नु हुँदैन ।'

यी सन्दर्भहरूले बिपी कोइरालाले आफ्ना सबै निर्णयहरू जनतालाई केन्द्रबिन्दुमा राखेर गर्दथे भन्ने देखाउँछन् । यस्ता धेरै सन्दर्भहरू छन्, जसले बिपी र जनताको बीचको सम्बन्ध भनौं अथवा जनताप्रतिको उहाँको विश्वास भनौं वा जनताप्रतिको उहाँको इमान्दार सोच भनौं ती सबैलाई अभिव्यक्त गर्दछ । आजीवन जनताप्रति इमान्दार नेताको छवि बनाउनुभएका बिपी कोइरालाको सोच, उहाँको चरित्र र उहाँको दूरदृष्टिसहितको राजनीतिक निर्णय गर्ने क्षमता वर्तमान राजनीतिक नेतृत्वमा प्रदर्शित हुन सकिरहेको छैन ।

राजनीतिशास्त्रीहरूले राजनीतिलाई कला र विज्ञानको संगम भनेका छन् । विज्ञानले परिणामको अपेक्षा गर्दछ भने कलाले विशिष्ट सीप र दक्षताको अपेक्षा गर्दछ । कलाको अभावमा विज्ञानको पक्ष मृतप्रायः हुन्छ भने विज्ञान अर्थात् सही परिणाम दिन नसक्ने कला पनि अर्थहीन हुन्छ । जनताबाट टाढा राखिएको राजनीतिले राजनीति शास्त्रको नियमहरूको अनुशरण गर्न सक्दैन । त्यतिबेला राजनीति त केवल स्वार्थ हासिल गर्ने अस्वस्थ्य खेलमा परिणत हुन्छ ।

राजनीतिलाई जनतासँग जोड्दै जनआकांक्षा पूरा गर्ने अभ्यासका रूपमा अगाडि बढाउनुपर्ने हो । तर, त्यसो हुन सकेको छैन । राजनीति सेवाको क्षेत्रभन्दा पनि पेसा बन्ने डर यतिबेला प्रकट भएको छ । तसर्थ, राजनीतिलाई जनतासँग जोड्नुपर्छ भन्ने बिपीको सोच र उहाँ आफैंले जोडेर देखाइदिएको इतिहास हाम्रा लागि अनुकरणीय हुनुपर्दछ । यति मात्र गर्न सकियो भने राजनीतिले सही दिशा पकड्नेछ । *रासस*

*(लेखक नेपाल पत्रकार महासंघका अध्यक्ष हुन्)*

## मननयोग्य

### चाणक्य नीति

यस्तै कुरा सोच्दासोचक चुहिएर बालकका शिरमा चणकका मनका व्यथा पतिभाशाली र यशस्वी हुनेछ ।
रा सोच्दासोच्दै चणकका आँखाबाट खुसीका दुई थोपा आँसुका शिरमा पर । उनकी पत्नी पनि आँखाभरि आँसु बनाएर नका व्यथा बुझजस्तै गरी भन्न लागिन्- स्वामी । बालक धेरै यशस्वी हुनेछ । यसका कीर्ति युग-युगान्तरसम्म कायम रहनेछ ।

समयको चक्र निरन्तर निर्बाध रूपले चलिरहेको छ । मगध नरेश महानन्द दिनरात रूप, रस, गन्ध र स्पर्शमा चुर्लुम्म छन् अर्थात् मोजमस्ती, अवतीका साथ क्रीडा आदि सम्पूर्ण रसमा डुबेका छन् । महलमा मीठा नागिनीहरूले राज्यलाई डस्न र राज्य हडप गर्न आफ्ना फणाहरू फिँजाएर नाचिर हेछन् । उता युनानी आक्रान्ता सिकन्दरको भारतवर्षमाथि आक्रमण गर्ने समाचार दिन-परदिन सुनिन्छ । छिमेकी राज्य मालव, पारस, अनि पर्वतीय प्रदेशहरू पनि मगधलाई गिद्धे दृष्टिले हेरिरहन्छन् ।

आचार्य चणक जसका कपाल सेतै भइसके । त्यस्तो समयमा उनका निधारमा चिन्ताका भावहरू प्रष्ट देखिन्छन् । तर शरीरले हरेस खाएको थिएन । खुन्नमा तागत अझै छ भन्ने विश्वास उनलाई छ । व्याकुल भएर यताउति घुमिरहँदा उनलाई छिनछिनमा यो विचारले आकुल पार्दथ्यो कि मेरो देशको के गति होला ? के नन्दको निरंकुश शासन यस्तो किसिमबाट चलिरहला ? अहँ ... यस्तो हुन दिइँदैन केही गर्नैपर्छ । मैले आफ्ना मित्र शकटारसँग सल्लाह गर्नेपर्छ । यो विचार गर्दै आचार्य चणक मन्त्री (अमात्य) शकटारका महलतिर लागे ।

द्वारपालले (ढोकेले) आदर पूर्वक चणकलाई अमात्य भएका ठाउँमा पयायो । अमात्य शकटारले श्रद्धापूर्वक नमस्कार गरी उनलाई साथमा लिई गोप्य कोठामा प्रवेश गरे । **क्रमश :**

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**बाढीको बितण्डा** | दार्चुलाको महाकाली नदी र लास्कु खोलामा आएको बाढीले मच्चाएको वितण्डा । महाकाली र लास्कु खोलाले दर्जनौं घर बगाउनुका साथै आधा दर्जन स्थानीय बेपत्ता छन् । नदी कटान जोखिम कायमै रहेको छ । दुहुँ खलंगा जोड्ने दार्चुला तिंकर सडक अवरुद्ध छ भने झोलुंगे पुल बगाएको छ । *तस्बिरः रासस*

# पूर्वउपमेयर खातुन समानुपातिकमा सिफारिस

■ इमरान खान

**कपिलवस्तु–** नेकपा माओवादी केन्द्रले कपिलवस्तु क्षेत्र ३ का लागि उम्मेदवार सिफारिस गरेको छ । शुक्रबार चन्द्रौटामा बसेको वैठकले मंसिर ४ गते हुने संघ र प्रदेशको लागि प्रत्यक्ष तथा समानुपातिकको लागि उम्मेदवार सिफारिस गरिएको छ । कपिलवस्तु क्षेत्र नं. ३ संघीय सांसदमा मौलाना मशहुद खां नेपालीको एकल नाम सिफारिस भएको छ भने संघमा समानुपातिक तर्फ वाट चिन्ता परियारको नाम सिफारिस भएको छ । वैठकले दुवैजनाको नाम एकल नाम सिफारिस भएको हो । लामो समयदेखि सामाजीक क्षेत्रमा क्रियशिल मौलाना मशहुद खां नेपाली कृष्णनगरका लोकप्रिय नेताको रुपमा चिनिन्छन् । समाजमा हरेक काममा अग्रसर भएर लाग्ने मौलानाले क्षेत्रको मुहार परिवर्तनको लागि उम्मेदवार बन्न तयार रहेको बताए ।

त्यस्तै समानुपातिकमा सिफारिस चिन्ता परियार पत्रकारिता क्षेत्रमा आवद्ध छन् । लामो समय देखि पत्रकारीता गर्दै आएका परियारलाई पार्टीले अवसर दिएमा क्षेत्रको विकास र नागरिकहरुको जिवन परिवर्तन हुने गरि काम गर्ने प्रतिवद्धता जनाए । क्षेत्र नं. ३ (क)का लागि प्रत्यक्ष तर्फ एहसान अहमद खान, राजेन्द्र आचार्य र रमेश चन्द्र चौधरीको नाम सिफारिस भएको छ । प्रदेश



समानुपातिकमा उमा विक, गगन कामी, सिता बुढाथोकि, कुमारी कुसुम चौधरी, जयप्रकाश कहार, टिका पुन मगरको नाम सिफारिस भएको छ । क्षेत्र नं. ३ (ख) का लागि प्रत्यक्ष तर्फ चुर बहादुर खड्का, अर्जुन सापकोटा र केशर वलीको नाम सिफारिस भएको छ । प्रदेश समानुपातिकमा सवनम खातुन, गितादेवि सुनार र मैयान खानको नाम समानुपातिकमा सिफारिश भएको छ ।

# 'कांग्रेसको नेतृत्वमा स्थिर सरकार बन्छ'

■ प्रभाव संवाददाता

**सुर्खेत–** नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद सञ्जय गौतमले संविधानको रक्षा र कार्यान्वयनका लागि पनि गठबन्धन आवश्यक रहेको बताएका छन् ।

शनिबार नेपाल प्रेस युनियन जिल्ला शाखाले वीरेन्द्रनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले देशलाई अगाडि बढाउन पनि गठबन्धन आवश्यक रहेको बताए । उनले हाम्रो संविधानअनुसार नेपालमा कुनै पनि दलको एकल सरकार बन्ने सम्भावना कम रहेकोले गठबन्धन आवश्यक रहेको बताए ।

उनले देशमा स्थिर सरकारसँगै विकासलाई तीव्रगतिमा अगाडि बढाउनका लागि पनि गठबन्धन गरेर निर्वाचनमा जानु पर्ने आवश्यक भएको बताए । उनले राजनीतिक दलप्रति नागरिकको वितृष्णा बढ्न थालेको बताए । आगामी सरकारको व्यवहारले नै जनताले सरकार प्रति वितृष्णा बढाएको बताए । उनले आगामी निर्वाचनपछि बलियो सरकार निर्माणपछि नागरिकका सबै समस्या समाधान गरिने दाबी गरे । आगामी निर्वाचन पछि कांग्रेस नेतृत्वमा स्थिर सरकार बन्ने बताए ।

उनले भने, 'कांग्रेसको नेतृत्वमा सरकार बन्ने छ र त्यो सरकार स्थिर हुने छ ।'

गौतमले कांग्रेसभित्र केही असमझदारी रहेको भन्दै लोकतान्त्रिक मूल्यमान्यता बोकेको पार्टीमा प्रतिस्पर्धा र असमझदारी हुनु स्वभाविक रहेको बताए ।

उनले लोकतान्त्रिक मूल्यमान्यता बोकेका पार्टीमा प्रतिस्पर्धा हुनु स्वभाविक भएको बताए । उनले पार्टीमा केही त्रुटि भए पनि, त्यसलाई सच्याउँदै अगाडि बढ्नुको विकल्प नभएको बताए ।

उनले सुर्खेत-तेलपानी हुँदै भुरीगाउँ पुग्ने सडक निर्माण चाँडै हुने भन्दै सडक निर्माणपछि कर्णालीको विकासमा टेवा पुग्नेसमेत बताए । कांग्रेस सुर्खेतका निवर्तमान सभापति कमलराज रेग्मीले पार्टीभित्रको नेतृत्वले सबैलाई मिलाएर लैजानुपर्नेमा जोड दिए ।

उनले नेतृत्वले सबै नेता कार्यकर्तालाई मिलाएर लानुपर्ने बताए । उनले भने, 'हामी जति एकताबद्ध हुन्छौं, त्यति नै हामी बलियो हुन्छौं र हाम्रा एजेण्डा लागू गर्न सक्छौं ।'

# बल्ल मधेसीले नेपालको नागरिकको सम्मान पाएको छ : *अध्यक्ष यादव*

■ प्रभाव संवाददाता

**जनकपुरधाम–** जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले मधेश विद्रोहकै कारण मधेसीले नेपालको नागरिकको सम्मान पाएको बताएका छन् ।

जनकपुरधामको मुजेलियास्थित शहीदद्वारमा शनिबार आयोजित श्रद्धाञ्जली सभामा उनले यस्तो बताएका हुन् । उनले शहीदको बलिदानकै कारण मधेसीलाई विहारी र धोती भन्न छाडिएको बताए ।

'मधेशसहित विभिन्न आन्दोलन अगाडि मधेसीलाई नेपाली नागरिक पनि मानिएको थिएन, बिहारी, धोती अरु के-के शब्दले सम्बोधित गर्ने गरिन्थ्यो' अध्यक्ष यादवले वीर सपूतको बलिदानीकै कारण संघीय गणतन्त्र नेपाल बनेपछि यस्तो अवस्था आएको बताए । उनले भने, 'वीर सपूतको बलिदानीकै कारण संघीय गणतन्त्र नेपाल बनेपछि अहिले त्यस्तो सम्बोधन बन्द भएको छ ।'

शहीदको बलिदानीकै कारण एकात्मक र निरंकुश शासन प्रणाली फ्याँकेर संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको उनले बताए ।

लोकतन्त्र र संघीयता विरोधी शक्ति,



विभेदकारी शासक वर्ग आज पनि संघीय गणतन्त्रलाई समाप्त गर्ने खेलमा लागेको भन्दै अध्यक्ष यादवले यसको रक्षा गर्नु पहिलो दायित्व भएको बताए । उनले भने, 'लोकतन्त्र र संघीयताविरोधी शक्ति, विभेदकारी शासक वर्ग आज पनि संघीय गणतन्त्रलाई समाप्त गर्ने खेलमा लागेको

छ ।' उनले महिलाप्रतिको असमानता, विभेद र हिंसा अहिले पनि समाजमा पहिले जसरी नै बसेको बताए ।

यसबाहेक दलितहरुप्रतिको अमानवीय व्यबहार, मानवअधिकारको हनन, अवसर र सम्भावनाबाट बंचित गर्ने व्यबहार अहिले पनि समाजमा कायमै रहेको, अल्पसंख्यक समुदाय अधिकारबाट बञ्चित रहेको अध्यक्ष यादवले बताए ।

जाति र भाषा र संस्कृतिको आधारका साथै अरु धेरै आधारमा समाजमा विभेद र असमानता शोषण र उत्पीडन कायम रहेको भन्दै उनले यस्ता विभेद जडबाटै उखालेर नफ्याँकेसम्म शहीदको सपना पूरा गर्न नसकिने उनले बताए । उनले भने, ' अहिले पनि समाजमा विभेद र असमानता शोषण र उत्पीडन कायम रहेको छ ।'

## संक्षिप्त

### इलेक्ट्रोनिक अटो टेम्पो हस्तान्तरण

**मोरङ (प्रस)–** इटहरी उपमहानगरपालिका-६ स्थित बजाज सोरुमले १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरलाई ९ सिट क्षमताको एउटा बिद्युतिय अटो टेम्पो हस्तान्तरण गरेको छ ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमको अवधारणा अनुरुप शुक्रबार आयोजित कार्यक्रमबीच बजाज सोरुमका प्रवन्धक प्रदिप सन्थालियाले चालक सहित ९ सिट क्षमता भएको बिद्युतीय अटो टेम्पो १ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरीलाई हस्तान्तरण गरेका छन् ।

कार्यक्रममा प्रहरी नायव महानिरीक्षक गिरीले उक्त बिद्युतिय अटो टेम्पो बिशेष गरी आत्महत्या रोकथाम तथा न्यूनिकरण अभियान एवम् प्रहरी गस्ती पेट्रोलिङको लागि परिचालन हुने उल्लेख गरे । कार्यक्रममा बजाज सोरुमका प्रवन्धक सन्थालियाले प्रहरी नागरिकको निम्ति अहोरात्र खटि रहेको चर्चा गर्दै आगामी दिनहरुमा समेत प्रहरीलाई आवश्यक सहयोग गर्दै जाने बताए ।

### अविरल वर्षाले ५ जनाको मृत्यु

**दार्चुला (प्रस)–** अविरल वर्षाका कारण शुक्रबार दार्चुलाका बिभिन्न स्थानमा आएको पहिरोमा परि ५ जनाको मृत्यु भएको छ भने १० जना बेपत्ता भएका छन् । बाढी पहिरोमा परी घाइते भएका ८ जनालाई उद्दार गरी उपचारको लागि जिल्ला अस्पताल दार्चुलामा लगिएको छ ।

उक्त बाढी पहिरोमा परी मृत्यु हुनेहरुमा दार्चुला महाकाली नगरपालिका-२ मुल्ला मोड बस्ने ७७ वर्षीय नन्दराम बोहोरा, नौगाड गाउँपालिका-२ दल्लेख बस्ने ६८ वर्षीय मोहन राम पार्की, महाकाली नगरपालिका-३ बस्ने ३५ वर्षीया मानमती कार्की, नौगाड गाउँपालिका-१ सल्ला बस्ने ३२ वर्षीया जानकी ठगुन्ना र सोही ठाउँ बस्ने १५ वर्षीया धनुली ठगुन्ना रहेका छन् ।

बाढी पहिरोबाट केही घर र पुलमा आंशिक क्षति भएको छ । साथै से.१ ज २९३ नम्बरको बोलेरो जिप, से.१ ज ६८३ नम्बरको बोलेरो जिप, से.१ ज ९८२ नम्बरको बोलेरो जिप, सु.प.प्र.०१००१ च ३०८७ नम्बरको अल्टो कार, म.१ च ४२२ नम्बरको बोलेरो जिप, सु.प.प्र.०१००१ च २६७६ नम्बरको बोलेरो जिप र सु.प.प्र.०१००१ त १४३७ नम्बरको ट्याक्टर बगाई वेपत्ता भएका छन् भने क्रेसर मेसिन १ थान र जेसिबि १ थान पूर्णरुपमा क्षति भएको छ ।

# आम निर्वाचन २०७९

## कर्णालीमा मुख्य नेताहरु को-कहाँ सिफारिस ?

■ प्रकाश अधिकारी

**कर्णाली–** प्रदेशसभा र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मंसिर ४ गतेका लागि घोषित आम निर्वाचन २०७९ का लागि दलहरूले उम्मेदवारको प्रस्तावित नामावली केन्द्रमा पठाएपछि कर्णाली प्रदेशमा पनि चुनावी चहपहल सुरु भएको छ । स्थानीय, जिल्ला कमिटी हुँदै प्रदेशमा आइपुगेका प्रस्तावित नाममध्ये दलहरूले आफ्ना अधिकांश मुख्य नेतालाई प्रत्यक्षतर्फ सर्वसम्मत सिफारिस गरेका छन् । कर्णालीमा सुर्खेत र दैलेखमा प्रतिनिधिसभाका दुई-दुई तथा बाँकी आठ जिल्लामा एक-एक गरी १२ क्षेत्र छन् ।

उम्मेदवार छनोट प्रक्रिया सुरु भएसँगै कर्णाली प्रदेशका 'हेभिवेट' मानिएका नेताहरूप्रति सबैको नजर परेको छ । राष्ट्रिय राजनीतिमा यस प्रदेशबाट नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, नेकपा (माओवादी केन्द्र) उपमहासचिवद्वय अर्थमन्त्री जनार्दन शर्मा, पूर्वगृहमन्त्री शक्तिबहादुर बस्नेत, कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिका सदस्य एवं मुख्यमन्त्री जीवनबहादुर शाही, पूर्व मुख्यमन्त्री एवं माओवादी केन्द्रका नेता महेन्द्रबहादुर शाही, नेकपा (एमाले)का प्रदेश इञ्चार्ज यामलाल कँडेल, नेकपा (एकीकृत समाजवादी)का उपमहासचिव प्रकाश ज्वाला, राप्रपाका उपाध्यक्ष मुकुन्दश्याम गिरी, महामन्त्री कुन्ती शाही र प्रवक्ता ज्ञानेन्द्र शाही प्रतिनिधित्व गर्छन् ।

कांग्रेस प्रदेश कार्यसमिति सभापति ललितजंग शाहीले जिल्लाले पठाएको सिफारिसका आधारमा प्रदेशसभा र प्रतिनिधिसभाका आकांक्षी उम्मेदवारको विवरण केन्द्रमा पठाइसकिएको बताए । आ-आफ्नो पार्टीबाट एकल सिफारिसमा परेपछि मुख्य नेताका सम्भावित प्रतिस्पर्धीहरूबारे चर्चा हुन थालेको छ । कांग्रेस उपसभापति खड्कालाई पार्टीको जिल्ला कार्यसमितिले सुर्खेत-१ बाट सर्वसम्मत सिफारिस गरिसकेको छ । माओवादी केन्द्रले उपसभापति खड्काको क्षेत्रमा कसैलाई सिफारिस गरेको छैन भने एमालेले सोही क्षेत्रका सांसदसहित तीन जनाको नाम पठाएको छ । एमालेले सांसद ध्रुवकुमार शाही, चन्द्रलाल पौडेल र शान्तिकुमारी छन्तेलको नाम पठाएको हो ।

अर्थमन्त्री शर्मा रुकुमपश्चिम पनि सर्वसम्मत उम्मेदवार सिफारिस भएका छन् । त्यहाँ कांग्रेस र एमालेले तीन-तीन जनाको नाम प्रस्ताव गरी केन्द्रमा पठाएका छन् । कांग्रेसले गोपालजीजंग शाह, प्रेमप्रकाश वली र यामबहादुर केसी तथा एमालेले नन्दराम देवकोटा, प्रवीण नेपाल र सरिता सुनारलाई सिफारिस गरेको छ । माओवादी केन्द्रका अर्का उपमहासचिव बस्नेतलाई जाजरकोटबाट सर्वसम्मत सिफारिस गरिएको छ । जाजरकोटबाट कांग्रेसले पूर्व सभासद राजीवविक्रम शाह र रामजंग शाह तथा एमालेले केन्द्रीय सदस्य नीरज आचार्यलाई सर्वसम्मत सिफारिस गरेको छ ।

कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीलाई हुम्ला जिल्ला कार्यसमितिले प्रतिनिधिसभा र प्रदेशसभा दुवैमा सिफारिस गरेको छ । हुम्लाबाट एमालेले प्रतिनिधिसभामा प्रदेशका पूर्वमन्त्री दल रावलको नाम मात्र सिफारिस गरेको छ । कालीकोटबाट माओवादी केन्द्रले पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाहीसहित काशीचन्द्र बराल, विष्णुबहादुर विश्वकर्मा र लक्ष्मीप्रसाद चौलागाईलाई सिफारिस गरेको छ भने कांग्रेसले युवानेता भूपेन्द्रजंग शाही, मीनबहादुर बोगटी, अशोकनाथ योगी र एमालेले केन्द्रीय सदस्य नगेन्द्र शाहीलाई सर्वसम्मत गरेको छ ।

एकीकृत समाजवादीले सल्यानबाट केन्द्रीय उपमहासचिव प्रकाश ज्वालाको नाम एकल पठाएको छ । त्यहाँ माओवादी केन्द्रले रमेश मल्ल र सांसद टेकबहादुर बस्नेतको नाम सिफारिस गरेको जनाएको छ । मल्ल अध्यक्ष पुष्पकमल दाहालका स्वकीय सचिव हुनुहुन्छ । सल्यानमा एमालेले गुलाबजंग शाहको नाम एकल नाम पठाएको छ ।

एमाले प्रदेश इञ्चार्ज कँडेलको नाम पनि सुर्खेत २ (क) क्षेत्रबाट प्रदेशसभामा एकल सिफारिस गरिएको छ । उनी हाल कर्णाली प्रदेशसभामा विपक्षी दलको नेता छन् । कांग्रेस प्रदेश सभापति ललितजंग शाही जुम्ला प्रदेशसभा (क) मा सिफारिस भएका छन् ।

एकीकृत समाजवादीका प्रदेश अध्यक्ष अम्मरबहादुर थापालाई दैलेख-१ बाट उक्त पार्टीले प्रतिनिधिसभाका लागि सर्वसम्मत सिफारिस गरेको छ । दैलेख-२ बाट एमाले प्रदेश अध्यक्ष विनोदकुमार शाहसँगै कर्णाली प्रदेशसभाका सभामुख राजबहादुर शाही पनि प्रतिनिधिसभामा सिफारिस भएका छन् । एमाले प्रदेश अध्यक्ष शाहले जिल्लाको सिफारिसअनुसारै नाम केन्द्रमा पठाइएको जानकारी दिए । राप्रपा केन्द्रीय उपाध्यक्ष गिरी सुर्खेत-२, महामन्त्री शाही दैलेख-१ र प्रवक्ता शाही जुम्लाबाट प्रतिनिधिसभामा एकल सिफारिस भएका छन् । *रासस*

# प्रभाव दैनिक

आइतबार, २६ भदौ २०७९ (Sunday, September 11, 2022)


## रूपशाला

### पाँचथरबाट उम्मेदवारी दिँदै निर्देशक लिङ्देन

आगामी मंसिर ४ गते हुने संघ तथा प्रदेशको निर्वाचनमा निर्माता तथा निर्देशक दिनेश लिङ्देनले एक मात्र संघीय क्षेत्र रहेको पाँचथर जिल्लाबाट प्रतिनिथि सभा सदस्यका लागि उम्मेदवारी दिने भएका छन् । निर्माता तथा निर्देशक लिङ्देनले सीप- योग्यतालाई रोजगार, शिक्षामा सुधार, कृषिलाई बजार र विशेष प्राथमिकताका साथ स्वास्थ्य उपचार भन्ने मुख्य एजेन्डा लिएर पाँचथरबाट संघीय सांसदका लागि उम्मेदवारी दिने बताएका छन् ।



# निशान भट्टराईको म त तिम्रै हुँ सार्वजनिक



■ प्रभाव संवाददाता

**बारा–** गायक निशान भट्टराई र किसु थापाको आवाजमा रहेको 'म त तिम्रै हुँ' बोलको गीतमा बनाइएको भिडियो सार्वजनिक गरिएको छ। बाराको सिमरास्थित होटल श्रेष्ठ रेसिडेन्सीमा आयोजित कार्यक्रम र गायक भट्टराईको अफिसियल युटुब च्यानलबाट एकसाथ सार्वजनिक गरिएको हो ।

गायक तथा संगितकार बिकास पाण्डेको शब्द र संगीत रहेको गितको भिडियोमा युवराज केसरी र रितु चौधरीको अभिनय रहेको छ । बाराको विभिन्न स्थानमा छायांकन गरिएको भिडियोमा निर्देशन, छायांकन र सम्पादन विकास गुरुङले गरेका छन् । सिमरास्थित बिएस मेकरका संचालक गुरुङले छायांकन, निर्देशन र सम्पादन गरेको यो पहिलो गीत हो ।

गीतको एरेन्ज अभि अमृत ल्वागन र एडिस्नल एरेन्जमेन्ट मुम्बईमा कार्यरत एनएस आर्याले गरेका हुन् । गीतका संगितकार पाण्डेले करिब डेढ महिनादेखिको मेहनतले सफलता प्राप्त गरेको बताएका छन्। म्युजिक भिडियोमा अटो चालक र एक युवतीबीचको प्रेमलाई देखाउन खोजिएको छ ।

भिडियो सार्वजनिक कार्यक्रमका लागि सिमरा आएका गायक भट्टराईले उत्कृष्ट शब्द र संगीत रहेका कारण आफूले म त तिम्रै हुँ बोलको गीतका लागि काम गरेको बताए। गायक भट्टराईले उत्कृष्ट टिमकाबीच काम गर्न पाँउदा आफू उत्साहित रहेको बताए ।

भिडियो सार्वजनिक कार्यक्रममा सहभागी गायक कमल के क्षेत्री, भोजपुरी गायक प्रमोद जख्मी, गायक देवेन्द्र कार्की, निर्माता प्रदीप गौतम सहभागी थिए। गायक क्षेत्रीले उत्कृष्ट शब्द, संगीत, छायांकन र निर्देशनले गीत हेर्न र सुन्नलायक बनेको प्रतिक्रिया दिए ।

# एकै स्टेजमा प्रियांसी, सैब्या र इसानलाई अवार्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** एकै स्टेजमा ३ विजेता छानिएका छन्। जमलस्थित राष्ट्रिय नाचघरमा शुक्रबार अबेर साँझ सम्पन्न छैटौं संस्करणको 'कि•ी फेस अफ द इयर इन्टरनेशनल २०२२' मा जुनियर र सिनियर गरेर एकसाथ ३ विजेता चुनिएका हुन् ।

प्रतियोगितामा 'कि•ी फेस अफ द इयर इन्टरनेशनल' जुनियर गर्ल्स तर्फको उपाधि प्रियांसी कडेलले जितेकी छन्। यही प्रतियोगितामा फष्ट रनर्सअप परिसी सराफ भएभने सेकेन्ड रनर्सअप कृस्ठा रिजाल र थर्ड रनरअप बिधार्थी घिमिरे चुनिए ।

त्यस्तै 'कि•ी फेस अफ द इयर इन्टरनेशनल' सिनियर गर्ल्स तर्फ सैब्या घिमिरेले शीर्ष उपाधि चुमिन् । प्रतियोगीतमा सक्षम चालिसे फष्ट रनर्सअप, सफ्यु प्रधान सेकेन्ड रनर्सअप र आयान ताम्राकार थर्डरनर अप बनिन् । 'कि•ी फेस अफ द इयर इन्टरनेशनल' जुनियर ब्वाइज तर्फ इसान किरात राई शीर्ष विजेता बन्दा फष्ट रनर्सअप नवल जंग बुढाथोकी, सेकेन्ड रनर्सअप रिदम अग्रवाल र थर्ड अनरअप आरभ श्रेष्ठ भए ।



रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीको आयोजनामा हुँदै आएको प्रतियोगिताको छैटौं संस्करण हो । यो संस्करणको फाइनल स्पर्धामा लियोन श्रेष्ठ (प्रिन्सिपल राजश्री गुरुकुल स्कुल), आशिस थापा (प्रशासन प्रमुख हिमालयन ह्वाइट हाउस कलेज), पुनम भट्ट (कर अधिकृत नेपाल सरकार), चिरञ्जीवी भण्डारी (गायक-संगीतकार,' राजेन्द्र बजगाई ( गायक-संगीतकार) लगायत रहेका थिए ।

विद्यालय अध्ययनरत बालबालिकाको प्रतिभा निखार्ने उद्देश्यले आयोजित प्रतियोगितामा थुप्रै प्रतियोगी रहेका थिए । विभिन्न चरणको छनौट पार गर्दै फाइनलका लागि १९ प्रतियोगी छानिएका थिए । प्रतियोगिताको कोरियोग्राफी अन्तर्राष्ट्रिय फेसन कोच राज फैजुले गरेका थिए ।

प्रतियोगी अभिनय, नृत्य, व्यक्तित्व विकाश, स्टेज पफमेन्स, बडि ल्यांग्वेग, कम्युनिकेसन स्केल, सामाजिक उत्तरदायित्व, समय व्यवस्थापन तथा अध्ययन लगायत विभिन्न प्रशिक्षणसहित फाइनल स्पर्धामा उत्रिएका प्रतियोगीको फेसन डिजाइन अन्तर्राष्ट्रिय फेसन डिजाइनर श्रीषा बैदार फैजुले गरेकी थिइन् । प्रतियोगिताका विजेताले अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा सहभागीको अलवा विभिन्न अवसर उपहारको रूपमा समेत प्राप्त गरेको आयोजक रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीका प्रबन्ध निर्देशक राज फैजु बताए ।



# प्रमोद र ममताको तप तप आँशु

**काठमाडौं (प्रस)–** गायक प्रमोद खरेलको स्वरमा रहेको तप तप आँशु बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ । साहित्यकार, लेखक तथा कवि ममता मिश्रको शब्द सृजना रहेको प्रेम, रोमान्स र विरहले भरिएको गीतको भिडियोमा मर्मस्पर्शी प्रेमाभावलाई नजिकबाट केलाइएको छ ।

नविन कार्कीको संगीत रहेको छ । विगत ३ दशकदेखि अष्ट्रेलियामा रहँदै आएकी गीतकार मिश्रले यसपटकको आफ्नो सृजनालाई पनि अघिल्लो पटक झैं हरेक प्रेमील जोडीले मन पराउने विश्वास व्यक्त गरिन् ।

आफूलाई भन्दा बढी माया दिएकी प्रेमीकाले विशेष परिस्थितिका कारण धोका दिएर टाढिँदाको पललाई पछिल्लो पुस्ताका चर्चित निर्देशक केशव भट्टले कलात्मक शैलीले प्रस्तुत गरेका छन् । कोरियोग्राफीमा समेत राम्रो दक्खल राख्ने निर्देशक भट्टले तप तप आँशु बोलको गीतको भिडियोले हरेक प्रेमील जोडीको मन छुने बताए । गीतकार मिश्रकै आफ्नै अफिसियल च्यानल ममता मिश्र अफिसियलबाट बजारमा ल्याएको गीतको गीतमा मोडलद्वय कमल सिंह र ललना चिमोरियाको लोभलाग्दो अभिनय देख्न सकिन्छ। गीतकार मिश्रका तिमीले चुमेको, म सागर थिए, लगायतका गीतहरु यसअघि नै बजारमा आइसकेका छन् । उत्सव दाहालको छायांकन रहेको भिडियोमा दिनसन शाहको सम्पादन र कलर रहेको छ।

## रंगशाला

**महिला साफ च्याम्पियनसिप**

# भारत र बंगलादेश सेमिफाइनलमा





■ प्रभाव संवाददाता

**काठमाडौं–** साविक विजेता भारत र बंगलादेश छैटौं संस्करणको महिला साफ च्याम्पियनसिप फुटबलको सेमिफाइनलमा प्रवेश गरेका छन् । शनिबार भएका खेलमा भारतले माल्दिभ्स र बंगलादेशले पाकिस्तानलाई पराजित गर्दै सेमिफाइनल प्रवेश गरेका हुन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार भएको दोस्रो खेलमा माल्दिभ्सलाई ९-० गोल अन्तरले हराउँदै भारतले अन्तिम चारको यात्रा तय गरेको हो । त्यस्तै पहिलो खेलमा बंगलादेशले पाकिस्तानलाई ६-० ले पराजित गर्दै सेमिफाइनल नजिक पुगेको अवस्थामा भारतले माल्दिभ्सविरुद्ध विशाल जित हात पारेसँगै बंगलादेश पनि सेमिफाइनल प्रवेश गरेको हो ।

भारतलाई जित दिलाउन अन्जु तामाङले ह्याट्रिकसहित ४ गोल गरिन् । यस्तै डाङमेई ग्रेसले दुई गोल गर्दा प्रियंका देवी, काश्मिना र सौम्या गुगुलोथले एक एक गोल गरिन्। खेलको २४ औं मिनेटमा अन्जुले गोल गर्दै भारतलाई सुरुआती अग्रता दिलाएकी थिइन् ।

४२ औं मिनेटमा प्रियंकाले गोल गर्दै भारतलाई २-० को अग्रता दिलाईन्। पहिलो हाफको इन्जुरी समयमा अन्जुले व्यक्तिगत दोस्रो गोल गर्दै भारतलाई ३-० को अग्रता दिलाईन् ।

खेलको ५३ औं मिनेटमा ग्रेसले गोल गर्दा भारतले ४-० को अग्रता बनायो । खेलको ५५ औं मिनेटमा सौम्याले गोल गर्दै भारतलाई ५-० को अग्रता दिलाईन् ।

खेलको ८४ औं मिनेटमा काश्मिनाले गोल गर्दा भारतको अग्रता ६-० को बन्यो । ८५ औं मिनेटमा अन्जुले व्यक्तिगत तेस्रो गोल गर्दै ह्याट्रिक पूरा गरेपछि भारत ७-० ले अघि रह्यो । खेलको ८७ औं मिनेटमा ग्रेसले व्यक्तिगत गोल गर्दै भारतलाई ८-० को अग्रता दिलाईन् । त्यसपछि खेलको ८८ औं मिनेटमा अन्जुले व्यक्तिगत चौंथो गोल गर्दै भारतलाई ९-० को जित दिलाईन् ।

भारतको यो लगातार दोस्रो जित हो । भारतले पहिलो खेलमा पाकिस्तानलाई हराएको थियो ।

त्यस्तै पहिलो खेलमा बंगलादेशले पाकिस्तानलाई ६-० ले पराजित गरेको थियो । बंगलादेशको फराकिलो जितमा कप्तान सबिना खातुनले ह्याट्रिक गोल गरिन् । यस्तै मोनिका चक्मा, मोसाम्मत शोप्ना र रितु पोर्नाले एक एक गोल गरिन् । खेलको तेस्रो मिनेटमा मोनिकाले गोल गर्दै बंगलादेशलाई सुरुआती अग्रता दिलाएकी थिइन् ।

२८ औं मिनेटमा शोप्नाले गोल गर्दा बंगलादेश २-० ले अघि रह्यो । खेलको ३१ औं मिनेटमा सबिनाले गोल गर्दै टिमको अग्रता तेब्बर बनाईन् ।

लगत्तै ३५ औं मिनेटमा सबिनाले व्यक्तिगत दोस्रो गोल गर्दा बंगलादेश ४-० ले अघि रह्यो । खेलको ५९ औं मिनेटमा सबिनाले ह्याट्रिक पूरा गर्दै बंगलादेशलाई ५-० को अग्रता दिलाईन् ।

सबिना जारी महिला साफमा ह्याट्रिक गर्ने पहिलो खेलाडी हुन्। उनी सर्वाधिक गोल गर्ने सूचीको शीर्ष स्थानमा छिन् । सबिनाले ५ गोल गरिसकेकी छिन्। त्यसपछि खेलको ७७ औं मिनेटमा रितुले गोल गर्दै बंगलादेशलाई ६-० को जित दिलाईन् ।

भारत र बंगलादेश २ खेलमा ६ अंकसहित सेमिफाइनल प्रवेश गरेका हुन् । अब समूह चरणको अन्तिम खेलमा भारत र बंगलादेश भिड्ने छन् । त्यस खेलपछि समूह विजेता र उपविजेता तय हुनेछ ।

यस समूहबाट माल्दिभ्स र पाकिस्तान भने एक खेल अगाबै बाहिरिएका छन् । दुबै टोली अंक विहीन रहेको छ । प्रतियोगितामा आयोजक नेपाल, भारत, श्रीलंका, भुटान, बंगलादेश, पाकिस्तान र माल्दिभ्सको सहभागिता रहेको छ ।

# हरिकुमारलाई म्याराथन उपाधि



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली सेनाका हरिकुमार रिमालले १४ औं संस्करणको काठमाडौं म्याराथनको उपाधि जितेका छन् । दशरथ रंगशालामा शनिबार निर्धारित दुरी २ घन्टा ४० मिनेट ४० सेकेन्डमा पूरा गर्दै रिमालले उपाधि जितेका हुन् । उपाधिसँगै रिमालले १ लाख नगद पुरस्कार प्राप्त गरे ।

दोश्रो स्थानमा रहेका सेनाकै जुनेश खड्काले उक्त दुरी २ घण्टा ४५ मिनेट ५९ सेकेन्डमा पूरा गरे। यस्तै तेश्रो स्थानमा रहेका एपीएफका राजन चौधरीले २ घन्टा ५५ मिनेट ४७ सेकेन्डका साथ दुरी पूरा गरे । दोस्रोले ५० हजार र तेस्रोले २५ हजार रुपैंया प्राप्त गरे । राजा मेहता, मिलन तामाङ र नारायण बस्नेत क्रमश चौथो, पाँचौं र छैटौं स्थानमा रहे। ह्विल चियर तर्फको प्रतिस्पर्धामा जोरपाटीका रामकाजी मिजारले १५ मिनेट ४०.६३ सेकेन्डमा साथ प्रथम स्थान हात पारे । यस्तै जाउलाखेलका दीपक श्रेष्ठले १५ मिनेट ४४.४५ सेकेन्डका साथ दोश्रो र जोरपाटीकै अर्जुन ढुंगानाले १६ मिनेट ४६.०९ सेकेन्डका साथ तेश्रो स्थान हात पारे ।

महिलातर्फ बागबजारकी यामी झाक्रीले २१ मिनेट २८ सेकेन्डका साथ प्रथम र २३ मिनेटका साथ लक्ष्मी घिमिरेले दोश्रो स्थान प्राप्त गरिन् ।

५ कि.मि. स्कुल तर्फ छात्रमा १२ मिनेट १९ सेकेन्डका साथ ललितपुरका प्रविन लिम्बुले स्वर्ण पाए । यस्तै १३ मिनेट ५१ सेकेन्डका साथ छोयागल लामा दोश्रो र १४ मिनेट २५ सेकेन्डका साथ अरविन खत्री तेश्रो भए ।

छात्रा तर्फ सरस्वती बोहरा १५ मिनेट १२ सेकेन्डका साथ स्वर्ण, आयुषा आचार्य १५ मिनेट ४८ सेकेन्डका साथ रजत र भावना नाथ १६ मिनेट २० सेकेन्डका साथ कास्य प्राप्त गर्न सफल भए ।

५ कि.मि. पुरुष तर्फ राजेन्द्र तामाङ, अभिषेक पाँचकोटी र यामराज खत्री क्रमश प्रथम, द्वितीय र तृतीय भए । महिला तर्फ अञ्जु खड्का, मनिष गिरी र श्रेवी महर्जन क्रमश प्रथम, द्वितीय र तृतीय भए ।

३ कि.मि. मास्टरको पुरुष तर्फ धर्म महर्जन, मनिन महर्जन र भिम बहादुर गुरुंग प्रथम, द्वितीय र तृतीय भए । यस्तै महिला तर्फ ईम्ला प्रधानले स्वर्ण पाईन् । २१ कि.मि. तर्फ पुरुषमा सुवास गुरुङले प्रथम स्थान प्राप्त गर्दा नवराज बुढा र देवराज बस्नेत क्रमस दोश्रो र तेश्रो भए । महिला तर्फ रेखा बिष्ट, लक्ष्मी थापा र निलिमा राउतले क्रमश स्वर्ण, रजत र कास्य पाए ।

एनआरएस स्पोर्टस फाउन्डेसनको आयोजनामा हुने दौड नेपालको सबैभन्दा प्रतिष्ठित र नियमित आयोजना हुँदै आएको म्याराथन हो । दौड यसअघि कोरोना संक्रमणको कारण दुई वर्ष आयोजना हुन सकेको थिएन ।



**एलिजाबेथप्रति श्रद्धाञ्जलि** | बेलायतकी रानी एलिजाबेथ द्वितीयको ९६ वर्षको उमेरमा मृत्यु भएको दुई दिनपछि, ब्यालेटरको बालमोरल क्यासलबाहिर श्रद्धाञ्जलि अर्पण गर्न चढाइएका खेलौना र पुष्प गुच्छा । *तस्बिरः एएफपी*

बेलायतका नयाँ राजाको पहिलो सम्बोधन

# जीवनभर सेवामा समर्पित हुने प्रतिबद्धता

**लण्डन–** बेलायतका नयाँ राजा चार्ल्स तृतीयले राजाको जिम्मेवारी सम्हालेपछि पहिलो सम्बोधन गरेका छन् । राष्ट्रका नाममा सम्बोधन गर्दै उनले आफू पनि आफ्नी आमालेझैं आफ्नो जीवन पूरै सेवामा समर्पित गर्ने घोषणा गरेका छन् ।

बेलायतकी महारानी एलिजावेथ द्वितीयको गत बिहीबार निधन भएपछि उनका जेठा छोरा चार्ल्स तृतीयले राजाको जिम्मेवारी पाएका हुन् । राजाको रूपमा पहिलो सम्बोधन गर्ने क्रममा उनले आफू आफ्नो माताको निधनबाट अत्यन्त दुःखी रहेको उल्लेख गरेका छन् ।



उनले आफ्नी आमालाई आफू र आफ्नो परिवारका लागि प्रेरणा र उदाहरणको पात्रका रूपमा चित्रित गर्दै उनको प्रेम, स्नेह, मार्गदर्शन, बुझाइ र उदाहरणका लागि अरू परिवारले आफ्नी आमासँग महसुस गर्ने जस्तै गरी आफू पनि ऋणी रहेको बताए । उनले भनेका छन्, 'महारानी एलिजाबेथको जीवन सार्थक रह्यो, उनले नियतिका साथ गरेको प्रतिबद्धता पूरा गर्नुभयो र उनको निधनमा गहिरो दुःख छ ।' अहिले आफूहरूसँगै बेलायतका बासिन्दा, उन राष्ट्रप्रमुख रहेका सबै देशहरू, राष्ट्रमण्डल र विश्वभरका शुभेच्छुकहरू पनि दुःखी रहेको राजा चार्ल्सले सबैप्रति कृतज्ञता व्यक्त गरेका छन् ।

'मेरी आमाले ७० वर्षभन्दा लामो समयदेखि यति धेरै देशका मानिसको सेवा गरेकोमा हामी उनप्रति पनि कृतज्ञता प्रकट गर्न चाहन्छौं,' उनले भनेका छन् । एक शासकका रूपमा महारानी एलिजावेथ द्वितीयको समर्पण र प्रतिबद्धतामा जीवनभरी कहिल्यै कम नभएको पनि उनले उल्लेख गरेका छन् । राजनीतिक तथा पारिवारिक जीवनमा आएका उथलपुथल, खुसी, दुःख, समस्या आदि कुनै पनि बेला उन विचलित नएको राजा चार्ल्सले स्मरण गरेका छन् । उनले राजगद्दीको जिम्मेवारी सम्हालेदेखिको ७० वर्षको दौरानमा समाज, विविध संस्कृति र विश्वासमा परिवर्तन भए पनि त्यसको सामना गर्नु ठूलो चुनौतीका रूपमा राजा चार्ल्सले उल्लेख गरेका छन् । *रासस⁄एएनआई*

# राष्ट्रपति बाइडेन एलिजावेथको अन्त्येष्टिमा सहभागी हुने

**वासिङटन–** अमेरिकाका राष्ट्रपति जो बाइडेन बेलायतकी महारानी एलिजाबेथ द्वितीयाको अन्त्येष्टिमा सहभागी हुने भएका छन् । पत्रकारहरूको जिज्ञासाको जवाफमा अमेरिकी राष्ट्रपतिले महारानीको अन्त्येष्टिमा सहभागी हुने घोषणा गरेका हुन् ।

बेलायतका राजा चार्ल्स तृतीयसँग आफूले हालसम्म कुराकानी नगरेको उनले बताए । 'म उनलाई चिन्छु तर उनसँग कुरा गरेको छैन । मैले उनलाई अहिलेसम्म फोन पनि गरेको छैन,' ओहायोको कोलम्बसमा एयर फोर्स वानमा सवार हुनुअघि उनले पत्रकार माझ भने ।

राष्ट्रपतिसँग औपचारिक प्रतिनिधिमण्डल पनि लण्डन जाने सम्भावना रहेको अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्कले जनाएको छ । शुक्रबार राष्ट्रपतिले आफ्नी अर्धांगिनी जिल बाइडेनका साथ यहाँस्थित ब्रिटिस दूतावासमा शोक पुस्तिकामा हस्ताक्षर गरेका थिए । *रासस⁄एएनआई*

संयुक्त राष्ट्रसंघको विश्वव्यापी सम्मेलन

# आतंकवाद पीडितलाई सहयोग



**संयुक्त राष्ट्रसंघ–** आतंकवाद पीडितलाई सहयोग सुदृढ गर्ने प्रतिबद्धताका साथ न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा आतंकवाद पीडितको पहिलो संयुक्त राष्ट्रसंघको ग्लोबल कंग्रेस शुक्रबार सम्पन्न भएको छ ।

'आतंकवादका पीडितको अधिकार र आवश्यकतालाई अगाडि बढाउँदै' भन्ने विषय रहेको कंग्रेसले आतंकवादको सामना गर्न र हिंसात्मक चरमपन्थलाई रोक्न पीडित-केन्द्रित दृष्टिकोण अपनाउने लक्ष्य राखेको, आयोजक संयुक्त राष्ट्रसंघको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सो सम्मेलनमा विश्वका २५ देशका करिब १०० जना आतंकवाद पीडितसहित ६०० भन्दा बढी सहभागी उपस्थित थिए ।

प्रतिआतंकवादका उपमहासचिव भ्लादिमिर भोरोन्कोभले अध्यक्षको सारांशको प्रस्तुतीकरणको साथ कंग्रेस सम्पन्न गरिएको थियो ।

आफ्नो टिप्पणीमा उपमहासचिव भोरोन्कोभले आतंकवादबाटपीडितकोअधिकारलाई प्रवर्द्धन गर्न र उनीहरूको आर्थिक, कानुनी, चिकित्सा र मनोसामाजिक आवश्यकतालाई अझ राम्रोसँग समर्थन गर्न तीन-पक्षीय दृष्टिकोण आवश्यक रहेको बताएका थिए ।

अध्यक्षको निष्कर्ष मन्तव्यले सन् २०२३ मा आतंकवादका पीडितको संयुक्त राष्ट्रसंघ कार्यालयमा उपस्थितिको सुरुआतको पनि पूर्वानुमान गर्ने आकलन गरिएको छ जसले पीडित, पीडित संघ र नागरिक समाजका विभिन्न संगठनलाई आतंकवादबाट पीडित र बाँचेकाको अधिकारलाई अगाडि बढाउन एकसाथ ल्याउने विश्वास गरिएको छ ।

ग्लोबल कंग्रेस आतंकवादका पीडितलाई समर्थन गर्न र तिनीहरूको विश्वव्यापी एकतालाई बलियो बनाउनको लागि महत्त्वपूर्ण पहिलो कोसेढुंगाको रूपमा लिइएको छ । *रासस⁄सिन्हवा*

# पेरुमा १४ महिनामा चार जना विदेशमन्त्रीले राजीनामा दिए

लिमा- पेरुका विदेशमन्त्री मिगुएल एन्जल रोड्रिग्वेजले शुक्रबार राजीनामा दिएका छन् । उनी राष्ट्रपति पेड्रो कास्टिलोको नेतृत्वमा रहेको सरकारमा पद त्याग गर्ने चौथो विदेशमन्त्री हुन् ।

राजनीतिक अस्थिरताबाट गुज्रिएको पेरुमा विदेशमन्त्रीको राजीनामाले थप राजनीतिक अस्थिरता बढाएको छ। कास्टिलोको सरकारले सन् २०२१ जुलाईमा पदभार ग्रहण गरेदेखि हालसम्म दुईवटा महाभियोग सामना गर्दै भ्रष्टाचारलगायत छवटा आपराधिक अनुसन्धानको सामना गरिरहेको छ ।

गत महिना पूर्वप्रधानमन्त्री एनिबल टोरेस क्यास्टिलोको सरकारबाट राजीनामा दिने चौथो व्यक्ति थिए । त्यसपछि अन्य सात आन्तरिक मन्त्रीले पदत्याग गरेका छन् । रोड्रिग्वेजले विदेश मन्त्रालयको ट्विटर सार्वजनिक गर्दै राजीनामा घोषणा गरेका थिए । स्थानीय सञ्चारमाध्यमले मन्त्री रोड्रिग्वेज र राष्ट्रपति कास्टिलोबीच विभिन्न मुद्दामा असहमति रहेको सार्वजनिक गरेका थिए । वामपन्थी राष्ट्रपति कास्टिलो आफ्ना दक्षिणपन्थी प्रतिद्वन्द्वीबाट निरन्तर आलोचना र अप्ठचारोमा परेका छन् । पेरुमा राजनीतिक अस्थिरताको अचम्मको शृंखला छ । *रासस⁄एएफपी*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NELANG SECURITY SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/०५/२३ | LT. No. 271218 | चलानी नं. ६०१८७३५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 30 | 0 | 1500 | ४२,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः असोज २ गते (18th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतव्स्थाः रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्कः निःशुल्क⁄-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३७५⁄०७४⁄०७५

**Red Panda International Overseas Pvt. Ltd.**
P.O. Box No. 6546 Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4952910
Mobile: 9816158772,9851056806,9851089119,9851187431
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VIPER SMART FILMS
पूर्व स्वीकृति मिति : २०७९/०५/२३ | LT. No. 270275 | चलानी नं. ६०१८७३४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CAR CLEANING LABOUR | 06 | 0 | 1500 | ५०,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा, मितिः असोज २ गते (18th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Good Alliance Overseas Pvt. Ltd.**
Chandol, Kathmandu, Nepal, Phone No : 01-4519152
Fax : 01-4519167, E-mail: goodalliance@info.com.np
श्रम ईजाजत नं. ७६६⁄०६५⁄६६



## कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९⁄०५⁄२६**

यस कम्पनीको मिति २०७६/११/१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **Naud Thai Fitness Private Limited** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि अमृत **Nuad Thai Spa And Welness Private Limited** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय अनुसार नाम परिवर्तन गरी **Nuad Thai Spa And Welness Private Limited** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



## राजश्री से.ए.क्रे.को.सो.लि., प्रधान कार्यालय मलंगवा, सर्लाहीको गैर बैकिङ्ग (सकार) सम्पत्ति बिक्री गरिने

## शिलबन्दी बोलपत्र (टेण्डर) आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९⁄०५⁄२६

यस संस्थाको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको स्वामित्वमा रहेको तपशिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री हुने भएकोले लिन चाहने व्यक्ति⁄संस्थाले आफूले दिने मूल्य समेत खुलाई निम्न शर्तहरुको अधिनमा रही मिति :- २०७९⁄०६⁄२४ गतेसम्ममा यस संस्थाको प्रधान कार्यालय मलंगवा, सर्लाहीमा आईपुग्ने गरी शिलबन्दी बोलपत्र दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | हालको जग्गाधनीको नाम | पूर्व जग्गाधनीको नाम | जग्गाको विवरण | जग्गाको न्यूनतम मूल्य |
|---|---|---|---|---|
| १. | राजश्री से.ए.क्रे.को.सो.लि. मलंगवा, सर्लाही | विनोद सिंह कुश्वाहा | जि. महोत्तरी निगौल वार्ड नं. क्रमशः ६⁄ख, ५⁄ग, ५⁄ग कि.नं. क्रमशः १६४, ७८, १७९, क्षेत्रफल क्रमशः २-६-१०, ०-१४-०, ०-८-० | ४०,००,०००।- अक्षरेपी रु.चालिस लाख मात्र । |

**शर्तहरुः**

१. शिलबन्दी बोलपत्र (शिल टेण्डर) फारम रु.२५०।- मा यसै संस्थाको प्र.का. मलंगवा, सर्लाहीबाट प्राप्त गर्न सकिने छ ।
२. रीत नपुगेको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
३. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृत गर्ने अधिकार यस संस्थाको संचालक समितिमा सुरक्षित रहने छ ।
४. आफूले दिन चाहेको मूल्य अंक र अक्षरमा प्रष्ट लेखिएको हुनुपर्नेछ ।
५. संघ संस्थाको हकमा संस्थाको छाप अख्तियारनामा र निज अख्तियारवाला कर्मचारीको दस्तखत अनिवार्य हुनु पर्दछ ।
६. शिल टेण्डर र खाममा लाहा छाप समेत लगाई दिनु पर्नेछ ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ दिनभित्र दाखिला गरि जग्गा नामसारी गराई सक्नुपर्नेछ ।
८. टेण्डर साथ आफूले दिन चाहेको मूल्यको न्यूनतम १० प्रतिशत रकम यसै संस्थाको नाउँमा रहेको एन.आई.सी. एसिया बैंक मलंगवा शाखाको खाता नं.४२२०२४०२००५२४००१ मा दाखिला गरि सोको सक्कल बैंक भौचर रसिद टेण्डर साथ राखेको हुनुपर्नेछ ।
९. टेण्डर मिति :- २०७९⁄०६⁄२४ गते दिनको १० बजेदेखि १२ बजेसम्म शिलबन्दी टेण्डर दर्ता गरिने र दिनको २ बजे यस संस्थाको प्रधान कार्यालय मलंगवा, सर्लाहीमा टेण्डरदाता र निजको साथै विभिन्न कार्यालयहरुको प्रतिनिधिहरुको रोहबरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित प्रतिनिधिहरुको रोहबरमा खोलिने छ ।
१०. टेण्डर दर्ता अथवा खोलिने दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन हुनेछ ।
११. अन्य जानकारी चाहेमा यसै संस्थाको प्रधान कार्यालयमा कार्यालय समयभित्र आई बुझ्न सकिने छ ।



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९३,९०० | प्रति तोला - ९३,४०० | प्रति तोला - ११५० |



**जुम्लाको स्याउ**ः तातोपानी गाउपालिका ५ जुम्ला बाजारावलामा रहेको स्याउ बगैंचामा रातो, गुलियो र परिपक्व स्याउ टिप्दै स्थानीय महिला ।

*तस्विरः शुरबहादुर सिंह*

## अझै पाएनन् उखु किसानले अनुदान

■ प्रभाव संवाददाता

**सर्लाही–** सर्लाहीका उखु किसानले समयमै अनुदानको रकम पाउन नसक्दा मर्कामा परेका छन् । जिल्लामा एकमात्र नगदे बालीको उखुखेती लामो समयदेखि गर्दै आएका किसानलाई सरकारले अनुदान दिने घोषणा गरे पनि राज्यबाट पाउनुपर्ने अनुदान रकम समयमा सरकारले भुक्तानी नपठाउँदा किसान मर्कामा परेका हुन् ।

जिल्लामा सञ्चालित केही उद्योगले किसानलाई उखु खरिद गरेको रकम भुक्तानी दिएको भए पनि केही उद्योगले किसानको उखु खरिदवापतको रकम नदिएको भन्दै जिल्लाका किसान आन्दोलनमा जानुपरेको थियो । आन्दोलित किसानका माग पूरा गर्न प्रशासनको पहलमा केही रकम भुक्तानी भएको जिल्लाका उखु उत्पादक किसान रामेश्वर महतोले बताए । उनका अनुसार जिल्लाका केही उद्योगले किसानको रकम समयमै भुक्तानी गरे पनि केही उद्योगले रकम भुक्तानी नगर्दा आफूहरूले पटक-पटक आन्दोलन गर्नुपरेको बताए ।

उद्योगहरूले दिने रकम किसानको आन्दोलन, सरोकारवाला निकायको पहलबाट रकम उठ्ने क्रम जारी रहेको भए पनि सरकारले दिने अनुदान रकम नपाउँदा आफूहरू मारमा परेको उखु उत्पादक किसान रामकेशव साहले बताए । गत वर्ष उखु बेचेका उखु किसानले हालसम्म पनि अनुदान रकम भुक्तानी नपाउँदा घर-व्यवहार चलाउन गाह्रो भएको जिल्लाका किसानको गुनासो छ ।

नेपाल सरकारले दिने भनेको अनुदानको रकमसमेत समयमा उपलब्ध नगराउँदा किसानलाई मल तथा उखुखेतीका लागि आवश्यक सामग्री बजारबाट खरिद गर्न समस्या परेको नेपाल उखु उत्पादक सङ्घका केन्द्रीय अध्यक्ष कपिलमुनी मैनाली बताउँछन् ।

गत आर्थिक वर्षका लागि नेपाल सरकारले उद्योग र किसान प्रतिनिधिबीच भएको सहमतिअनुसार उद्योगले प्रतिक्विन्टल रु पाँच सय २० र नेपाल सरकारले रु ७० अनुदान रकम दिने सहमति भएको तर रकम पाउन नसकेको उखु किसान राजकुमार उप्रेतीले बताए । यता चिनी उद्योगीले समयमा किसानको उखु बिक्रीको तथ्यांक उपलब्ध नगराएकाले किसानको खातामा पैसा पठाउन नसकेको कोष तथा लेखा नियन्त्रण कार्यालय सर्लाहीका प्रमुख कोष नियन्त्रक जीवन पुरीले बताए । उनले उद्योगीलाई चाँडै किसानले उखु बिक्रीको तथ्यांक पठाउन ताकेता गरिएको र उद्योगले तथ्यांक पठाएलगत्तै अनुदान रकम पठाउने प्रक्रिया अघि बढाइने बताए ।

जिल्लामा तीनवटा उखु मिल रहेका छन् । जसमा इन्दुशंकर चिनी उद्योग हरिवनले सबै रकम भुक्तानी गरिसकेको छ भने महालक्ष्मी सुगर मिल र धनकौल सुगर मिलले भुक्तानी गर्न बाँकी नै रहेको छ ।

## हरित अर्थतन्त्रमा आधारित विकासको ढाँचा अपनाउनुपर्छ : मन्त्री यादव

■ प्रभाव संवाददाता

**काठमाडौं–** वन तथा वातावरणमन्त्री प्रदीप यादवले हरित अर्थतन्त्रमा आधारित विकासको ढाँचा अपनाउनुपर्नेमा जोड दिएका छन् । नेपाल उद्योग परिसङ्घले आयोजना गरेको नेपाल पूर्वाधार शिखर सम्मेलन २०२२ कार्यक्रममा उनले हरित अर्थतन्त्रमा आधारित विकासको ढाँचा अपनाएर न्यून वातावरणीय क्षतिमा विकास कसरी गर्न सकिन्छ भन्ने मोडल अपनाउनुपर्ने बताए ।

'वातावरणीय पक्षलाई विचार गरेर भौतिक पूर्वाधार विकास गर्ने काम नै हरित विकासको आधार हो, हामीले हरित अर्थतन्त्रमा आधारित विकासको ढाँचा अपनाएर न्यून वातावरणीय क्षतिमा विकास कसरी गर्न सकिन्छ भन्ने सोचका साथ अगाडी बढ्नुपर्ने हुन्छ,' उनले भने, 'यसरी विकास गर्दा हाम्रो वातावरण पनि संरक्षित रहन्छ र विकास पनि आफ्नो गतिका साथ् अगाडि बढी बढ्छ ।'

विगत पाँच वर्षमा सबै स्थानीय तह, सात वटै प्रादेशिक सरकार र संघीय सरकारको प्रथामिकता भनेको भौतिक पूर्वाधार रहेकाले अबको बाटो भनेको हरित अर्थतन्त्रको भएको र कोभिड-१९ ले पनि हामीलाई त्यहीं पाठ सिकाएर गएको उनको भनाइ थियो । भौतिक पूर्वाधार विकास मानव सभ्यता र आर्थिक समृद्धिको पूर्वशर्त भएको र मानव जीवनलाई छिटो, छरितो, सरल र सहज तथा सभ्य तथा सम्पन्न बनाउनका लागि भौतिक पूर्वाधारको अहम भूमिका रहेको मन्त्री यादवले बताए ।

उनले भने, 'अन्तराष्ट्रिय समुदायको तुलनामा नेपालको भौतिक पूर्वाधारको विकासको मात्रा र गुणस्तर दुवैमा अत्यन्त न्युन रहेको छ, यस सम्बन्धमा अध्ययन अनुसन्धानको मात्रा पनि अत्यन्त कमजोर रहेकाले भौतिक पूर्वाधार विकास मानव सभ्यता र आर्थिक समृद्धिको पूर्वशर्त हो ।'

मन्त्री यादवले राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र भौतिक पूर्वाधारको विकास गर्दा दुर्लभ र लोपोन्मुख वन्यजन्तुको संरक्षण र व्यवस्थापनलाई विशेष ध्यान दिनुपर्ने तथा त्यसो गर्न सकिएन भने पूर्वाधारको दिगोपन नहुने धारणा राखे । जलवायु लचिलो भौतिक पूर्वाधार आजको आवश्यकता भएको र नेपालको जलवायु नीति र नेपालले संयुक्त राष्ट्रसङ्घमा पेश गरेकामा समेत यसको बारेमा विशेष प्रथामिकता दिएको उनले जानकारी गराए । नेपाल सरकारले सन् २०३० सम्ममा पन्ध्र हजार मेगावाट विद्युत् गर्ने महत्वकांक्षी लक्ष्य राखेको तथा जुन हरित पूर्वाधार निर्माणको बलियो आधार भएको मन्त्री यादवले दाबीसमेत गरे ।

जलविद्युत्मा आधारित यातयात सेवा र रेल सेवा (ई-मोबिलिटी )मा जना सकियो भने भोलि नेपालको आर्थिक समृद्धिको ढोका खुल्नसक्ने मन्त्री यादवको भनाइ थियो ।

## सहुलियत कर्जा लागू गर्न बैंक सहमत

**जाजरकोट (प्रस)–** जाजरकोटका स्थानीय तहमा सहुलियत कर्जा प्रवाह गर्न जिल्लामा रहेका बाणिज्य बैंकका शाखा सहमत भएका छन् । जिल्लाका सातै पालिकामा रहेका बैंकमार्फत सहुलियत कर्जा कार्यक्रम लागू गरी स्थानीय बासिन्दालाई आयआर्जनमा सघाउन पहल गरिएको पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य गणेशप्रसाद सिंहले बताए ।

जाजरकोटमा हालसम्म राष्ट्रिय बाणिज्य बैंकहरूले सहुलियत कर्जा कार्यक्रम लागू गरेका छैनन् । राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालयमा भएको छलफलपछि प्रदेशस्तरका प्रमुखको छलफल गरी जिल्लामा पालिका प्रमुखसँगको अन्तर्क्रियासमेत गरिएको छ । निजी तथा सरकारीस्तरको बैंकले जाजरकोटका सबै पालिकामा सहुलियत कर्जा लागू गर्नका लागि वित्तीय साक्षरता तथा सहुलियत कर्जासम्बन्धी नीतिगत छलफलसमेत सम्पन्न भएको छ ।

उक्त छलफलमा प्रदेशसभा सदस्य गणेशप्रसाद सिंह, नलगाड नगरपालिकाका प्रमुख डम्बर रावत, छेडागाडका नगरप्रमुख रत्न खड्का, बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरी, कुशे गाउँपालिकालिकाकी उपाध्यक्ष देविका सिंह, भेरी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दलबहादुर घर्ती, शिवालयका उपाध्यक्ष गीता शाही, जुनीचाँदेका उपाध्यक्ष वीरेन्द्र शाही, प्रमुख जिल्ला अधिकारी रामबहादुर शाही, एनआइसी एशिया बैंकमा कर्णाली प्रमुख राजनप्रसाद पोखरेल, राष्ट्रिय वाणिज्य बैंकका कर्णाली प्रमुख शिवप्रसाद चालिसे, कृषि विकास बैंकका कर्णाली प्रमुख खुर्सेद अहमत, ग्लोबल बैंकमा विष्णु आर्याल, सिभिल बैंकका दीपक जोशी र लक्ष्मी बैंकका शैलेन्द्रराज पाण्डेको सहभागिता थियो ।

## 'यसै वर्ष बंगलादेश विद्युत् निर्यात गर्छौं'



**काठमाडौं (प्रस)–** ऊर्जामन्त्री पम्फा भुसालले नेपाल सरकारले बंगलादेशलाई विद्युत् निर्यातका लागि तयारी गरिरहेको बताएकी छिन् । शनिबार एक पत्रकार सम्मेलनमा मन्त्री भुषालले यसै वर्ष बंगलादेशलाई विद्युत् निर्यात गरिने बताएकी हुन् । हाल नेपालले भारतमा बिजुली बिक्री गर्दै आएको छ ।

'हामीले अहिलेसम्म भारतमा मात्रै विद्युत् निर्यात गरेका छौं । अब बंगलादेश पनि निर्यात हुँदैछ,' मन्त्री भुसालले भनिन्, 'जलविद्युत् उत्पादनमा साझेदारी गर्न सहमति भएको र यसै वर्षदेखि ५० मेगावाट विद्युत् बंगलादेश जान्छ ।'

ऊर्जालाई उत्पादनको माध्यम बनाउन लागिएको र गरिबीको रेखामुनि रहेका जनतालाई निःशुल्कजस्तै रहेको जानकारी दिँदै उनले घरायासी प्रयोजनका लागि मूल्य घटाइएको छ भने कृषि र सिँचाईमा ७५ प्रतिशत महसुल घटाइएको जानकारी दिइन् ।

## कार्गो कुदैं भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल

**रुपन्देही–** साउनको ११ गते भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरी पहिलो पटक कार्गो सामग्री बाहिर निर्यात गरियो । काठमाडौंको हिमालेक्स ट्रेडर्सले नेपाली उत्पादन राइजिङ स्टार कार्गो प्रालिमार्फत बाहिर पठाएको थियो । हस्तकलाजन्य सामान जजिरा एयरबाट कुवेत ट्रान्जिट हुँदै फ्रान्स पठाइएको हो । त्यसयता उक्त विमानस्थलबाट निर्यात हुनै सकेको छैन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वैकल्पिक विमानस्थलका रुपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल व्यवसायीले चासो नदिँदा निर्यातका लागि सदुपयोग नसकेको हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग गरी नेपाली उत्पादन बाहिर निर्यात भइरहे पनि भैरहवा विमानस्थल भने सुनसान छ ।

निर्यातका लागि सम्भावना रहेको विमानस्थलको समुचित प्रयोगका लागि यहाँका निजी क्षेत्रले चासो नदिएको नेपाल फ्रेट फरवर्डस एसोसिएसन (नेफा) का अध्यक्ष मनोज अधिकारी बताए । 'सधैं काठमाडौंकै व्यवसायी आएर यहाँको विमानस्थल धान्ने हैन । यसका लागि यहींका निजी क्षेत्र लाग्नुपर्छ,' उनले भने, 'स्थानीय उत्पादनको पहिचान गरी विमानस्थलमार्फत निर्यातको तयारी गर्नु नै उत्तम हुन्छ ।'




रुपन्देही हरियो तरकारी र माछाका लागि उर्वर भूमि हो । यो विमानस्थलबाट जडीबुटी, कफी, चाउचाउ, मैदालगायत सामग्री निर्यात गर्न सकिने उनले बताए । 'निर्यातजन्य वस्तुको पहिचान गरी यसको उत्पादनमा जोड दिनुपर्छ, यसको सहजीकरणका लागि नेफा तयार छ,' अधिकारीले भने, 'विमानस्थललाई पर्यटनमा मात्र नभई उत्पादनमूलक उद्योगको प्रवर्द्धनमा पनि जोडौं ।'

तत्कालका लागि अस्थायीरुपमा दैनिक चार-पाँच सय टन सामग्री आयातनिर्यात गर्न सकिने संरचना तयार भएको छ । नजिकको विमानस्थल छाडेर अहिले पनि यस क्षेत्रका व्यवसायीले आफ्नो उत्पादन विदेश निर्यात गर्दा काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरिरहेका छन् ।

सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष भीष्म न्यौपाने यहाँबाट के पठाउने भन्ने नै अहिले स्पष्ट नरहेको बताउँछन् । भर्खर सञ्चालनमा आएकाले उद्योगी व्यवसायी अन्योलको अवस्थामा रहेको उहाँको भनाइ छ । व्यवसायीका अनुसार अहिले विभिन्न कानुनी अड्चन रहेका छन् । हरियो तरकारी भण्डारणदेखि लिएर यसका लागि चिस्यान केन्द्र तथा भन्सार जाँच बिन्दुको पनि अभाव रहेको उद्योगीको भनाइ छ ।

कार्गो ढुवानीले लुम्बिनीका कृषि उत्पादन र औद्योगिक उत्पादनलाई विदेशी बजार पाउन सहज बनाएको विमानस्थलका महाप्रबन्धक गोविन्द दाहालको भनाइ छ । उहाँले यस क्षेत्रका व्यवसायीलाई आयात/निर्यातका लागि गौतमबुद्ध विमानस्थललाई प्रयोग गर्न आग्रह गरे । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा प्रमुख टीकाराम गैरेका अनुसार भन्सार कार्यालय आयात/निर्यातका लागि पूर्णतया तयार रहेको छ । उनले आयात निर्यातका लागि चाहिने आवश्यक भौतिक पूर्वाधारका साथै जनशक्ति पनि रहेका कारण विमानस्थल प्रयोग गरी आयात/निर्यात गर्न कुनै बाधा नरहेको बताउँछन् ।

चाँडै नै विमानस्थलमा निर्माण सम्पन्न भएको कार्गो भवन पनि सञ्चालनमा आउने र यसले यस क्षेत्रको उत्पादनलाई भण्डारण गर्नेदेखि निर्यात गर्न थप सहज हुने गैरे बताउँछन् । जेठ २ गतेदेखि औपचारिकरुपमा सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट एकमात्र एयरलाइन्स कम्पनी जजिरा एयरलाइन्सले सातामा तीन पटक कुवेत-भैरहवा-कुवेत उडान गर्दै आइरहेको छ । *रासस*




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ